# अध्याय एक

# परिचय

## १.१ अध्ययनको पृष्ठभूमि

परीक्षा विद्यार्थीको शैक्षिक उपलब्धी मापन गर्ने प्रकृया वा साधन हो, जसमा वैधता, विश्वसनियता, बस्तुनिष्ठता र दक्षतायुक्त गुणहरु रहको दावी गरिएको हुन्छ । निश्चित प्रकृयाद्वारा तयार गरिएका परिक्षणका साधनहरुद्वारा विद्यार्थीहरुको शैक्षिक उपलब्धी मापन गर्न परीक्षाले सघाउ पुर्‍याउछ । शिक्षा र मनोविज्ञानको क्षेत्रमा परिक्षण २ अर्थमा प्रयोग गरिन्छ : नामको आधारमा परिक्षणले त्यस साधनबारे जानकारी गराउछ जसलाई कुनै गुणको परिक्षण गर्ने उद्देश्यले निर्माण गरिएको हुन्छ भने कियाको रुपमा परीक्षणले त्यस प्रकृयाबारे उल्लेख गर्दछ, जसलाई कुनै गुणको मापन गर्न प्रयोग गरिन्छ । जस्तै : शैक्षिक उपलब्धीको परिक्षण गर्नु, बुद्धिमत्ता परिक्षण गर्नु आदि ।" (जबरा र अन्य, *शिक्षामा मापन तथा मूल्याङ्कन* -२०६०, पृष्ठ-१०३)

Examination लाई Pairavi's comprehensive Dictionary ले यसरी अर्थ्याएको छ : " An act of examining or the state of being examined" Inquiry" "Inspection" "Formal interrogation" "Test as by questions"आदि । त्यसैले परीक्षा विद्यार्थीहरुको ज्ञान, सीप अभिवृत्तिको जाचपडताल, तलास एवं खोजविन गर्ने साधन हो । परीक्षाले विद्यार्थीहरुलाई कस्ता कार्यमा सघाउ पुर्‍याउछ भन्ने सम्वन्धमा Modula Ravi Krishna र Digumarti bhaskara Rao (*Examination system, 2005,page-187*) को निम्न भनाई पाइन्छ :

I. Motivating students to develop good study habits to correct errors and to direct their activities towards the achievement of desired goals.
II. Diagnosing the weaknesses.
III. Defining teaching objectives.
IV. Differentiation of pupils for various purpose.
V. Certification of pupils.

त्यसैगरी Examination को सम्बन्धमा Wikipedia free encyclopedia (August 13, 2012) मा यस्तो भनाई पाइन्छ : "Examinations are tests which aim to determine the ability of a students or a prospective practioner"

उल्लेखित कुराहरुबाट के प्रष्ट हुन्छ भने परीक्षाले विद्यार्थीहरुको वीचमा विभेदीकरण गर्न सघाउ पुरयाउछ र फरक क्षमताका विद्यार्थीहरुलाई फरक तरिकाले शिक्षण गर्दै व्यक्तिगत विभिन्नताका आधारमा शिक्षण गर्न सघाउछ र अन्तमा विद्यार्थीलाई प्रमाणपत्र दिने कार्य गर्दछ ।

प्रभावकारी परीक्षा सञ्चालन तथा नतिजा प्रकाशनले सम्पूर्ण परीक्षा प्रणालीका विश्वसनीयता बढाउछ र गुणस्तरता देखाउछ । www.Proftesting.com (August 13, 2012) मा परीक्षा सञ्चालन (Examination administration) अन्तर्गगत निम्न कुराहरु हुनुपर्ने भनी उल्लेख गरेको छ :

I. Candidate registration and scheduling
II. Fee collection
III. Testing facilities
IV. Examination administration staffing and training
V. Candidates information booklets
VI. Paper and pencil administration
VII. Computer based administration
VIII. Scoring
IX. Score reporting
X. Audits and program revisions
XI. Exam maintenance
XII. Candidate due process

कुनै शैक्षिक संस्था वा शैक्षिक कार्यक्रममा परीक्षण सञ्चालन एक जटिल कार्य हो । परीक्षण सञ्चालनको लागि प्रमाणिक परीक्षण सरहको अवस्था कायम गरी परीक्षण सञ्चालन गर्न पूर्वयोजना तयार गर्नुपर्दछ । यस योजनामा परीक्षणको समय तालिका, विद्यार्थीलाई परीक्षणको तयारी गर्ने, परीक्षणको वातावरण व्यवस्थापन सञ्चालन, अंकन र व्याख्या, प्राप्तांकहरुको अभिलेख तयार गर्ने, कमीकमजोरीहरुलाई निराकरण गर्ने आदि कार्यहरुको पूर्वयोजना तयार गर्नुपर्दछ । (जबरा तथा अन्य *शिक्षामा मापन तथा मूल्याङ्कन* -२०६०, पृष्ठ-३२५)

मापन गर्न खोजिएका सिकाइ उपलब्धीलाई ठीक ढंगले प्रस्तुत गर्ने अवसर परीक्षाले प्रदान गर्नु पर्दछ । यसका लागि उपयुक्त भौतिक तथा मनोवैज्ञानिक वातावरणको आवश्यकता पर्दछ । प्रश्नहरु उपयुक्त हुनुका साथै परीक्षा सञ्चालन ठीक ढंगले भए मात्र परीक्षाले मापन गर्न खोजेको उपलब्धीको मापन गर्न सक्छ ।

प्रश्नले खोजेको उत्तरलाई विद्यार्थीहरुले हासिल गरेका उपलब्धिका आधारमा स्वतन्त्र र समान रुपले व्यक्त गर्ने अवसर प्रदान गर्नु परीक्षा सञ्चालनको उद्देश्य हो । यस उद्देश्यका लागि उपयुक्त वातावरण सृजना गरिनु आवश्यक छ । यस्तो उपुक्त वातावरणको लागि निम्न कार्यहरु गरिनु आवश्यक छ । (*वाग्ले र पौडेल २०५४)*

I. प्रश्नपत्रको जाँच तथा प्रस्तुति ।
II. प्रश्नपत्रको गोपनीयता कायम ।
III. परीक्षा सञ्चालनको लागी उपयुक्त ठाउँको व्यावस्था ।
IV. स्पष्ट र संक्षिप्त निर्देशन ।
V. चोरी तथा अनियमित कार्यको रोकथाम ।
VI. परीक्षा निरीक्षण ।
VII. परीक्षा समाप्ती र उत्तरपुस्तिका संकलन ।

उपरोक्त कुराहरु प्रभावकारी ढंगले संचालन गर्ने कुरामा सुनिश्चितता गर्न सकेमा मात्र परीक्षा सञ्चालन राम्रो मान्न सकिन्छ ।

त्यसैगरी नतिजा प्रकाशन विश्वसनिय, त्रुटीरहित हुनु आवश्यक हुन्छ विद्यार्थीहरुका वास्तविक क्षमताको प्रभावकारी ढंगले अंकन गर्ने प्रणालीको विकास गर्दै नतिजा प्रकाशन गर्ने र प्रमाणपत्र वितरण गर्ने कार्य आदि कुरा नतिजा प्रकाशनसंग सम्वन्धित पक्षहरु पर्दछन् । छोटकरीमा नतिजा प्रकाशन अन्तर्गत निम्न कुराहरु पर्ने भनी उ.मा.शि प., *परीक्षा सुधार सुझाव समितिको प्रतिवेदन -२०६०* (पृष्ठ ३४ -३८) ले उल्लेख गरेको छ :-

I. उत्तरपुस्तिका संकलन, कोडिङ्ग एवं प्याकिङ्ग ।
II. परीक्षकहरुको व्यावस्था ।
III. उत्तरपुस्तिका परीक्षण ।
IV. अंक तालिकीकरण ।
V. नतिजाको तयारी र सुरक्षा व्यावस्था ।
VI. नतिजा प्रकाशन र प्रमाणपत्र वितरण आदि ।

वि.सं. २०१६ सालमा त्रिभुवन विश्वविद्यालयको स्थापना भएपछि औपचारिक रुपमा सर्वसाधारणका लागि उच्च शिक्षाको ढोका खुलेको पाईन्छ, स्वदेशमै उच्चशिक्षाको पाठ्यक्रम निर्माण एवं परीक्षा सञ्चालन

भएवाट उच्च शिक्षाको पहुँच सामान्य नेपालीको लागि हुने कार्यको शुरुवात भएको मान्न सकिन्छ । एस.एल.सी. परीक्षा उत्तीर्ण पछि विद्यार्थीहरुले उच्च शिक्षा अध्ययन गर्ने निर्विकल्प ठाउँको रुपमा त्रि.वि.वि. ले लामो समय देखि भूमिका खेल्दै आएको पाईन्छ तथापि गाउँका दूरदराज सम्म त्रि.वि.वि. को पहुँच पुग्न नसक्नु, किशोर अवस्थाका बालबालिकाहरुले अभिभावकको संरक्षणमा नै अध्ययन गर्न उपयुक्त हुने भन्ने मान्यताले प्रश्रय पाउनु आदि कारणले पञ्चायत कालको अन्तितिर एस.एल.सी. पछिको दुई वर्षको अध्ययनको लागि सञ्चालनमा रहेका माध्यमिक विद्यालयहरुमा नै दुई कक्षा थप गरी उच्च माध्यमिक विद्यालय बनाउने सोचको विकास भयो फलस्वरुप तत्कालिन सरकारले उच्च माध्यमिक शिक्षा ऐन-२०४६ जारी गरेको पाईन्छ । जसले उच्च माध्यमिक विद्यालयहरुको सञ्चालन रेखदेख, निरिक्षण, परीक्षा सञ्चालन, नतिजा प्रकाशन एवं प्रमाणपत्र वितरण सम्बन्धी कार्यको लागि उच्चमाध्यमिक शिक्षा परिषदको गठन सम्बन्धी व्यवस्था गरेको पाईन्छ ।

उच्चमाध्यमिक शिक्षा शिक्षा परिषद् उच्च माध्यमिक शिक्षा ऐन २०४६ अनुसार स्थापित स्वायत्त स्वशासित संस्था हो । एस. एल. सी.  परीक्षा उत्तीर्ण विद्यार्थीहरुलाई कक्षा ११ र १२ मा अध्ययनको व्यावस्थापन गर्न उच्चमाध्यमिक तह सञ्चालन गर्न सम्बन्धन प्रदान गर्नु, निरिक्षण गर्नु, पाठ्यक्रम निर्माण गरी कार्यन्वयन गर्नु, परीक्षा सञ्चालन गर्नु तथा प्रमाणपत्र वितरण गर्नु, उच्च मा.वि. मा काम गर्ने प्राचार्य, शिक्षण गर्ने शिक्षण गर्ने शिक्षकहरुलाई तालिम दिनु, विभिन्न गोष्ठी, सेमिनार तथा कार्यशाला संचालन गर्नु आदि  यसको प्रमुख कार्यहरु हुन् ।

उच्च माध्यमिक शिक्षा परिषद २०४६ सालमा ल्याइएको ऐनद्वारा स्थापित भएता पनि स्थापना कालको करिव २ वर्षपछि यो संस्था प्रभावकारी रुपमा सञ्चालनमा आएको पाइन्छ । शुरुमा जम्मा १३३८ विद्यार्थीहरुलाई पठनपाठन गराइ परीक्षा सञ्चालन गरेको थियो । शुरुमा त्रि. वि.वि. को प्रमाणपत्र तहमा विद्यार्थीहरु बढी आकर्षित भएपनि विस्तारै १०+२ विद्यालयहरु स्थापना हुने क्रम बढ्दै गएपछि त्रि. वि. वि. मा भन्दा यस तर्फ विद्यार्थीको आकर्षण बढ्दै गएको पाइन्छ । त्रि. वि. वि. ले प्रमाणपत्रतह खारेज गरेपछि १०+२ विकल्प रहित शैक्षिक तह बन्न पुगेको पाइन्छ । तथापि यसको पुनर्संरचना गरी शिक्षा मन्त्रालयद्वारा वि.सं. २०७२ सालदेखि विद्यालय क्षेत्र सुधार कार्यक्रम लागू गर्ने क्रममा रहेको र यस तहलाई विद्यालय तहको शिक्षा मानि माध्यमिक तह ९-१२ निर्धारण गर्ने गरी योजना बनाएको पाईन्छ (www.doe.gov.np, २०६९ जेठ २९) । हाल ३३८३ उच्च माध्यमिक विद्यालयहरु यसको सम्बन्धनमा सञ्चालित छन भने २०६९ सालको ११ र १२ को परीक्षामा  ८ लाख ६७ हजार ५४१ परीक्षार्थीहरु सहभागी रहेको पाइन्छ  (परीक्षा नियन्त्रण कार्यालय, उ.मा.शि.प.सानोठिमी भक्तपूर) । वार्षिक रुपमा हाल कक्षा ११ मा ६० वटा र कक्षा १२ मा ६२

वटा विषयहरु अध्यापन हुने विषयहरुका परीक्षा सञ्चालन गर्दै आएको पाईन्छ (स्रोतः *परीक्षा समय तालिका-२०६९ प.नि.का., उ.मा.शि.प.*) ।

परिषदद्वारा वि.सं. २०४९ मा लागू गरेको संकायगत पाठ्यक्रम वि.सं. २०५५ मा एकलपथोन्मुख पद्धतिको आधारमा पाठ्यक्रमलाई परिवर्तन गरि २०५५ श्रावणदेखि कक्षा ११ र ०५६ श्रावण देखि कक्षा १२ मा लागू गरिएको थियो । सो अनुसार अंग्रेजी र नेपाली विषयहरुलाई अनिवार्य विषयको रुपमा (पुर्णाङ्क क्रमशः २०० र १००) पठनपाठन गरिएको र अन्य विषयहरु इच्छाधिन प्रथम, द्वितीय र तृतीय ६०० पुर्णाङ्क र इच्छाधिन चतुर्थमा १०० पुर्णाङ्क गरी कूल १००० पुर्णाङ्क तोकिएको छ (*पाठ्यक्रम कार्यान्वयन तथा विषय छनौट निर्देशिका-२०६७, पृष्ठ -१ उ.मा.शि.प. पाठ्यक्रम तथा प्रशिक्षण महाशाखा* ) यसरी हेर्दा यसमा संकायगत भन्दा पनि विषय समूह निर्धारण गरि सोही समूहका विषयहरु अध्ययन अध्यापनको व्यवस्था गरिएको पाईन्छ । विद्यार्थीहरुले आफुले चाहेको विषयहरु प्रत्येक समूहवाट छनौट गर्न पाउने तर त्यसरी छनौट गर्दा उच्च शिक्षा अध्ययनको लागि सहयोगी हुनुपर्ने भनी उल्लेख गरीएको पाईन्छ (*पाठ्यक्रम कार्यान्वयन तथा विषय छनौट निर्देशिका-२०६७, पृष्ठ -१४/१५ उ.मा.शि.प. पाठ्यक्रम तथा प्रशिक्षण महाशाखा )* त्यसैले स्नातक तहमा संकायगत रुपमा अध्ययन गर्न सजिलो होस भनी विषयको छनौट गरिने हुनाले खासगरि यस तहमा विज्ञान, शिक्षा, व्यवस्थापन र मानविकी समूह रहेको पाईन्छ ।

उच्चमाध्यमिक शिक्षा परिषदले हरेक शैक्षिक सत्रमा विद्यार्थी भर्ना गर्न रजिष्ट्रेशन फाराम भर्न आव्हान गर्ने र सोहि फाराम मार्फत विद्यार्थीहरुले पढ्न चाहेका विषयहरु विद्यार्थीको रजिष्ट्रेशन उल्लेख गर्नु पर्दछ । वार्षिक परीक्षा अगावै परीक्षा फाराम भर्न लगाई सिम्वोल नम्बर प्रदान गर्ने र विद्यार्थीहरुको परीक्षा समय तालिका तथा परीक्षा केन्द्र सार्वजनिक गर्दै परीक्षा सञ्चालन गरेको पाइन्छ ।

उच्चमाध्यमिक तहको शिक्षाबाट किशोरावस्थाका बालबालिकाहरु प्रत्यक्षरुपमा लाभान्वित भएका छन् भने घरायसी व्यावहारमा अल्झेका छात्राहरु, आर्थिक संकटबाट ग्रस्त विपन्न वर्गका बालबालिकाहरु, ग्रामिण र पिछडिएका परिवेशका छात्रछात्राहरु समेतले उच्च शिक्षाको आधारशिला निर्माणको अवसर प्राप्त गरेका छन् । (सम्प्रेषण २०६७, वर्ष १३ अंक २३, पृष्ठ ८)

उपरोक्त कुराहरु हुदाहुदै पनि परिषदले सञ्चालन गर्ने परीक्षामा विगतका वर्षहरुमा प्रश्नपत्रको गोपनीयता कायम हुन नसकेको, नतिजा समयमा नै प्रकाशित गर्न नसकेको, उच्च माध्यमिक तहमा मात्र शिक्षण गर्ने शिक्षकहरुको अभावले उत्तरपुस्तिका परीक्षण प्रभावकारी हुन नसकेको जस्ता समस्याहरु सुन्ने गरिएको पाईन्छ ।

दुई वर्षे शैक्षिक कार्यक्रमको माध्यमबाट विद्यार्थीहरुमा उच्चशिक्षा अध्ययनका लागी पुर्वाधार तयार गर्ने र विषय विशिष्टिकरण तर्फ उन्मुख गराउने सेतुको रुपमा समेत +२ कार्यक्रमले सघाउ पुर्‍याउने हुदा यो तहको परीक्षा प्रणालीको महत्वलाई कम आंकलन गर्न सकिदैन । त्यसैले उच्च माध्यमिक शिक्षा परिषदले सञ्चालन गर्ने परीक्षाको विश्वसनियता बढाउन परीक्षामा रहेका कमी कमजोरीहरु पत्ता लगाई आवश्यक सुधार गर्न तथा नतिजा प्रकाशनमा रहेका समस्याहरु पत्ता लगाई यसलाई त्रुटी रहित बनाउने उद्देश्यका साथ यो अध्ययन गरिएको हो ।

## १.२ समस्याको कथन

उच्चमाध्यमिक शिक्षा परिषदसंग सम्बन्धन प्राप्त हाल ३३८३ उमाविहरु रहेका छन् वार्षिक रुपमा विद्यार्थीहरुको संख्या बढ्दो छ । हाल ८ लाख ६७ हजार ५४१ विद्यार्थीहरु कक्षा ११ र १२ को परीक्षामा सम्मिलित भएको पाईन्छ । परिषद्ले एक वर्षमा दुवै तहमा ४ वटा वार्षिक परीक्षा सञ्चालन गरी नतिजा प्रकाशन गर्दै आएको पाईन्छ । वर्षेनी बढ्दो विद्यार्थी संख्या अनुसार परिषदको प्राविधिक एवं मानवीय क्षमता अभिवृद्धि हुन नसकेको भन्ने गुनासो सुनिन्छ । वर्षेनी परीक्षा केन्द्र निर्धारण गर्नुपर्ने त्यसरी केन्द्र निर्धारण गर्दा परीक्षा केन्द्रको आवश्यकता र क्षमताको वारेमा ध्यान दिइएको छ छैन, परीक्षा सञ्चालनमा आवश्यक पर्ने निर्देशनहरु पर्याप्त, उपयुक्त र सान्दर्भिक रहेको नरहेको जस्ता मुद्दाहरु बिद्यमान रहेको पाइन्छ ।

बिगतका केही वर्षहरुमा परिषदले जब जब परीक्षा सञ्चालन गराउछ तबतब परीक्षा अगावै प्रश्नपत्र वाहिरिने, परीक्षामा विद्यार्थीहरुले अमर्यादित कार्य गरी चीट चोरेका समाचारहरु सुनिने, उत्तरपुस्तिका परीक्षणमा कतिपय विषय भन्दा वाहिरका वा सम्बन्धित विषयको योग्यता नभएका शिक्षकहरु सहभागी भएका भन्ने आरोप लाग्ने गरेको तथा नतिजा प्रकाशनमा त्रुटी आउदा विद्यार्थीहरुले आफ्नो नतिजा त्रुटि रहित ढंगले प्राप्त गर्न नसक्दा धेरै दुःख पाएकोभन्ने सुनिने गरेको, परीक्षा सञ्चालन गर्नु अघि प्रश्नपत्र निर्माण र वितरण सम्बन्धमा प्रश्नपत्रको गोपनीयता कायम हुन नसकेको, उत्तरपुस्तिका संकलनमा समस्या रहेको, उत्तरपुस्तिका परीक्षणलाई व्यवस्थित बनाउन नसकेको जस्ता गुनासाहरु सुनिने गरेको पाईन्छ । वर्षेनी बढ्दो विद्यार्थी संख्या र वर्षमा ४ पटकसम्म परीक्षा संचालन र नतिजा प्रकाशन गर्दा आवश्यक आन्तरिक क्षमतामा बृद्धि हुन नसक्दा माथि उल्लेखित गुनासाहरु सुनिएको छ । यसको निराकरणका लागी परीक्षा सञ्चालन र नतिजा प्रकाशनमा रहेका समस्याहरु पहिचान गर्नु र समाधानका उपायहरु खोज्नु आवश्यक रहेको देखिन्छ ।

## १.३ अध्ययनको औचित्य

बदलिदो परिवेश अनुकुलको पाठ्यक्रम निर्माण र सोही अनुसार विद्यार्थीको ज्ञान, सीप र अभिवृद्धिको मापन गर्ने साधन परीक्षा हो । परीक्षा प्रणालीलाई समयानुकुल परिमार्जन गरी विद्यार्थीहरुमा रहेको ज्ञान, सीप र अभिवृद्धिको मापन विश्वसनिय र मर्यादीत ढंगले मापन गर्न सकिएन भने परीक्षाको विश्वसनियता रहदैन र त्यस्तो परीक्षाले विद्यार्थीहरुको क्षमता मापन गर्न सक्छ भनेर दावी गर्न सकिदैन ।

उच्च माध्यमिक तहमा रहेका २ वटा कक्षा (कक्षा ११ र १२ )हरुको वार्षिक परीक्षा उ.मा.शि.प. ले नै लिने गरेको छ । उक्त परीक्षामा परीक्षा सञ्चालन प्रकिया र नतिजा प्रकाशन प्रकिया २ महत्वपूर्ण पक्षहरु हुन जसमा समयानुकुल सुधार गर्न नसकेमा विद्यार्थीको उपलब्धी क्षमताको मापन यथार्थपरक नभई उत्पादित जनशक्तिको गुणस्तरमा समेत कमि आउन सक्छ । यसै परीप्रेक्षमा उच्च माध्यमिक तहको परीक्षा संचालन र नतिजा प्रकाशन सम्बन्धी प्रश्नको जवाफ खोज्ने हुनाले यसलाई समस्याको रुपमा लिईएको छ । यस अध्ययनले निम्न सवालहरुको जवाफ खोज्ने प्रयास गरेको छ ।

I. उच्च माध्यमिक शिक्षा परिषदको परीक्षा प्रणालीमा समयानुकुल सुधार गरी परीक्षाको विश्वसनियता बढाउन यो अध्ययनले सहयोग पुर्‍याउने हुनाले
II. परीक्षार्थीका उत्तरपुस्तिका परीक्षण, नतिजा प्रकाशन सम्बन्धमा भएका त्रुटीहरु पत्ता लगाइ सुधार गर्न सहयोग पुर्‍याउने हुनाले ।
III. कक्षा ११ र १२ को परीक्षा संचालन र नतिजा प्रकाशन सम्बन्धमा चासो राख्ने जुनसुकै व्यक्ति वा संस्था, अनुसन्धान कर्तालाई यो अध्ययन सहयोगी बन्न सक्ने हुनाले ।

## १.४ अध्ययनको उद्देश्य

यस अध्ययनका उद्देश्यहरु यस प्रकार राखिएको थियो :

I. उच्चमाध्यमिक तहको परीक्षा सञ्चालन प्रक्रिया पहिचान गर्नु ।
II. यस तहको नतिजा प्रकाशनमा रहेका समस्याहरु पहिचान गर्नु ।

## १.५ अध्ययनको सीमाङ्कन

अध्ययनमा निम्न सीमाहरु रहेका छन् :

I. उ.मा.शि.प. ले २०६९ सालको परीक्षाका लागि तोकेका काठमाण्डौ उपत्यकाका जम्मा १६१ परीक्षा केन्द्र मध्ये ५ वटा केन्द्रमा मात्र अध्ययन सिमित रहेको थियो ।

II. उ.मा.शि.प.को नतिजा प्रकाशनसंग सम्बन्धित कार्यमा कार्यरत ५ जना पदाधिकारी/कर्मचारीलाई अध्ययनमा समावेश गरिएको थियो ।

III. कक्षा ११ र १२ को उत्तरपुस्तिका परीक्षणमा संलग्न सबै विषय समूह (विज्ञान, शिक्षा, व्यावस्थापन र मानविकी)का पर्ने गरी १०/१० जनाका दरले जम्मा ४० जना शिक्षकहरुलाई लिईएको थियो ।

IV. परीक्षामा खटिएका केन्द्राध्यक्ष ५ जना र पर्यवेक्षक ५ जना गरी जम्मा १० जनालाई प्रश्नावली मार्फत उत्तर संकलन गरिएको थियो ।

V. अध्ययनको क्रममा कानुनले गोप्य राख्नुपर्ने भनी तोकेका परीक्षाको गोपनीयतासंग सम्बन्धीत पक्षहरुलाई उजागर गर्ने प्रयास गरिएको थिएन ।

VI. अध्ययन परिषदको परीक्षा सञ्चालन तथा नतिजा प्रकाशनमा सीमित रहको थियो ।

# अध्याय दुई

# पूर्व साहित्यको समीक्षा

## २.१ साहित्यको पुनरावलोकन

अध्ययनको क्रममा परिषदले परीक्षालाई व्यवस्थित रुपमा सञ्चालन गर्न विभिन्न समयमा गठन गरेका समिति, कार्यदलका प्रतिवेदनहरु, अध्ययनसंग सम्बन्धीत विद्वानहरुका लेख रचनाहरु परिषदका परीक्षा सम्बन्धी नीति नियमहरु आदि लेख, रचना प्रतिवेदन, दस्तावेजहरुको, सहयोग लिइएको थियो । अध्ययन संग सम्बन्धित साहित्यलाई बुँदागत रुपमा यस प्रकार बिभाजन गरीएको छ, ।

### २.१.१ सैद्धान्तिक साहित्यको पुनरावलोकन

परीक्षा सञ्चालन एवं नतिजा प्रकाशन सम्बन्धी छुट्टै सिद्धान्तहरु समेटिएका सैद्धान्तिक कुराहरुको अभाव नै देखिन्छ, तथापि परीक्षा पद्धति *"Examination system"* Krishna र Rao, (2005) ले एउटा असल मुल्यांकन प्रणालीमा Acceptability, cost effectiveness, ease of administration, ease of scoring, ease of interpretation, face validity, faireness, meaning of test scores, purposefulness, time element, usefulness, जस्ता व्यावहारिक विशेषताको साथै discrimination, items, norms, objectivity reliability, standardization र validity जस्ता प्राविधिक गुणहरु हुनुपर्ने उल्लेख गरेका छन् परीक्षा पनि मुल्याङ्कनको महत्वपूर्ण साधन भएकोले उल्लेखित विशेषताहरु परीक्षामा समेत लागू हुने देखिन्छ ।

त्यसैगरी *जबरा, श्रेष्ठ* एवं *रञ्जितकार* द्वारा *"शिक्षामा मापन तथा मूल्याकंन" (पृष्ठ ३१७-३३२)* मा परीक्षण कार्यक्रमको योजना निर्माण सम्बन्धमा उद्देश्य निर्धारण, परीक्षण कार्यक्रमको निर्माण , परीक्षण पुस्तकालयको व्यावस्थापन, दक्ष, जनशक्तिको छनौट, परीक्षणको सञ्चालन, परीक्षण नतिजाहरुको प्रतिवेदन एवं सुधारात्मक उपायहरुको व्यावस्थापन गर्नु भनी उल्लेख गरिएको छ । जसबाट पनि परीक्षा सञ्चालन गर्न आवश्यक पर्ने योजनाका चरणहरुको सम्बन्धमा जानकारी प्राप्त गर्न सकिन्छ ।

त्यसैगरी *वाग्ले* र *पौडेल* (२०५४) द्वारा *"पाठ्यक्रम र मूल्यांकन" (पृष्ठ-१५९)* मा परीक्षा सञ्चालन अन्तर्गत पर्ने प्रमुख कार्यहरु उल्लेख गरिएको छ । जसअनुसार प्रश्नपत्रको जाँच तथा प्रस्तुति, परीक्षा सञ्चालनको लागि उपयुक्त ठाउको अवस्था, स्पष्ट र संक्षिप्त निर्देशन, चोरीको रोकथाम जस्ता कुराहरु पर्ने

भनी उल्लेख गरिएको छ । त्यसमा पनि चोरीको रोगथाम गर्न पनि छुट्टै तरिकाहरु सम्बन्धी व्याख्या गरिएको छ । जसानुसार प्रश्नपत्रको संगठनमा परिवर्तन, प्रश्नपत्र र उत्तरपुस्तिकाको सुरक्षा, बसाइको उपयुक्त व्यावस्था परीक्षा भवन र वरिपरिको वातावरणको व्यावस्था, समयको उचित बाडफाँड, अंकनमा दण्डात्मक व्यावस्था भनी उल्लेख गरिएको पाईन्छ ।

त्यसैगरी नतिजा प्रकाशन अन्तर्गत पर्ने कार्यहरु सम्बन्धमा उ.मा.शि.प. परीक्षा व्यावस्थापन सुधार सुझाव समितिको प्रतिवेदन - २०६० (पृष्ठ ३४-३८) मा उल्लेख गरिएको छ जसानुसार : उत्तरपुस्तिका संकलन, कोडिङ्ग/डिकोडिङ्ग परीक्षकहरुको व्यवस्था, विषय विज्ञहरुको व्यवस्था, उ. पु. परिक्षण प्रक्रिया, अंक चढाउने कार्य र छड्के जाँच, नतिजाको तयारी तथा सुरक्षा व्यवस्था, नतिजा प्रकाशन र वितरण प्रणाली, मार्कसिट र ट्रान्सकृप्ट वितरण प्रणाली, पुनर्योयोगको व्यवस्था आदिलाई लिइएको छ । तसर्थ यो सैद्धान्तिक साहित्यको पुनरावलाकनले उच्च माध्यमिक तहको परीक्षा संचालन र नतिजा प्रकाशनमा सुधार गर्नको लागि आवश्यक पर्ने कुराहरु मार्ग निर्देशन गरेको पाईन्छ ।

### **२.१.२ विषयगत साहित्यको पूनरावलोकन**

उच्चमाध्यमिक तहको परीक्षा भन्नाले कक्षा ११ र १२ को अन्तमा सञ्चालन हुने परीक्षा सम्झनु पर्नेछ भनी उच्च माध्यमिक शिक्षा ऐन २०४६ ले व्यावस्था गरेको छ साथै सो ऐनमा परीक्षा नियन्त्रकको व्यावस्था समेत गरिएको छ त्यसैगरी उच्च माध्यमिक शिक्षा परीक्षा सम्बन्धी विनियमहरुको व्यवस्था गरिएको छ जसमा परीक्षा पूर्वका तयारीहरु, परीक्षा सञ्चालन अवधिका कार्यविधिहरु तथा परीक्षा संचालन पछि नतिजा प्रकाशनका कार्यविधिहरुलाई नियमबद्ध पारिएको छ ।

उच्च माध्यमिक शिक्षा परिषदले विभिन्न समयमा गठन गरेका कार्यदलका प्रतिवेदनहरुले समेत परीक्षा संचालन एवं नतिजा प्रकाशन सम्बन्धमा विविध सुझावहरु दिएको पाईन्छ :परीक्षा सञ्चालन पूर्वका गतिविधिहरु, परीक्षा सञ्चालन अवधिका क्रियाकलापहरु र परीक्षोत्तर क्रियाकलापहरु संचालन पश्चातका सम्पूर्ण गतिविधिहरुमा तत्कालिन अवस्थामा देखिएका समस्या र समाधानका उपायहरु सम्बन्धमा सुझाव दिएको पाइन्छ ।*"परीक्षा व्यावस्थापन सूधार सुझाव समितिको प्रतिवेदन २०६०" (पृष्ठ ७,२२,३१)*

डा. यादव प्रकाश लामिछानेको संयोजकत्वमा गठित *"परीक्षा प्रणाली सुधार कार्यटोली -२०६४"(पृष्ठ १२*-२६) ले परीक्षा नियन्त्रण कार्यालयको प्रशासनिक पुर्नसंरचना गर्ने, रजिष्ट्रेशन फाराम, परीक्षा फाराम ईन्ट्री, परीक्षा सञ्चालनमा आवश्यक सामाग्रीहरु उत्पादन एवं वितरण, उत्तरपुस्तिका परीक्षण एवं संपरीक्षण तथा प्रमाणपत्र वितरण जस्ता कार्यहरुलाई व्यवस्थित बनाउन आवश्यक सुझावहरु दिइएको पाईन्छ ।

उल्लेखित साहित्यहरुको अतिरिक्त परिषदले प्रकाशन गर्ने वार्षिक पत्रिका "संप्रेषण"का विभिन्न अंकहरुलाई समेत अध्ययनको क्रममा उपयोग गरिएको थियो ।


www.tuexam.edu.np (२०६९ पौष २९) मा उल्लेख भए अनुसार त्रिभुवन विश्वविद्यालयमा हाल ६० वटा आंगिक र ८३२ वटा सम्बन्धन प्राप्त क्याम्पसहरु रहेका छन भने ९ वटा संकायहरुमा प्रत्येक शैक्षिक शत्रमा करिव ७५०००० परिक्षार्थीहरुले परीक्षा दिने गर्दछन् विभिन्न तह र संकायका विभिन्न समयमा परीक्षा तालिका प्रकाशन गरी ती सबै संकायका विद्यार्थीहरुको परीक्षा त्रि.वि.वि. परीक्षा नियन्त्रण कार्यालयले लिने गरेको पाईन्छ । त्यसैगरी www.oce.gov.np (२०६९ पौष २९) मा उल्लेख भए अनुसार एस.एल.सी. शुरु हुनु भन्दा करिब १ वर्ष अघि रजिष्ट्रेशन फाराम भराइ जि.शि.का. मा पेश गर्ने र करिब ५ महिना अगाडी कक्षा १० मा अध्ययन गर्ने विद्यार्थीहरुको परीक्षा फाराम भराई जि.शि.का.मा बुझाउने व्यवस्था गरेको पाईन्छ । त्यसरी भरिएको फाराम जि.शि.का. मा कम्प्यूटर ईन्ट्री गरी क्षे. शि. नि. मार्फत परीक्षा नियन्त्रण कार्यालयमा पठाउनु पर्ने व्यवस्था गरको पाईन्छ । त्यसै गरी एस.एल.सी.परीक्षा सञ्चालनको लागि शिक्षा नियमावली २०५९ को नियम ४२ मा शिक्षा सचिवको अध्यक्षतामा माध्यमिक शिक्षा उत्तीर्ण परीक्षा समिति को व्यावस्था गरेको पाईन्छ भने सोही समितिको निर्देशनमा परीक्षा नियन्त्रण कार्यालयले परीक्षा सञ्चालन गर्ने व्यवस्था नियम ४५ मा गरेको पाईन्छ । त्यसैगरी हरेक जिल्लामा प्रमुख जिल्ला अधिकारीको संयोजकत्वमा जिल्ला परीक्षा समन्वय समिति (शिक्षा नियमावली २०५९ नियम ४६) गठन गरी क्षेत्राधिकार तोकिएको पाईन्छ । परीक्षामा अमर्यादित कार्य गर्ने जो सुकै व्यक्तिलाई कसुर अनुसार एक लाख रुपैया जरिवाना वा छ महिना सम्म कैद हुने व्यवस्था शिक्षा ऐन २०२८ को दफा १७ मा गरिएको छ । त्यसै गरी परीक्षा नियन्त्रण कार्यालयले एस.एल.सी. को परीक्षा समयमा विभिन्न निर्देशनहरु जारी गरी परीक्षालाई व्यवस्थित बनाउने प्रयास गरेको पाईन्छ जस्तै: परीक्षा केन्द्र रहेको विद्यालयमा अध्यापन गर्ने शिक्षकहरलाई निरिक्षक नराख्ने, परीक्षा सञ्चालनमा खटिने कर्मचारीहरुको परिचयपत्र अनिवार्य चाहिने, केन्द्राध्यक्षको अभिमुखिकरण तालिम सञ्चालन गर्ने, एउटा डेस्क बेन्चमा २ जना मात्र परीक्षार्थीहरु राख्ने, परीक्षा कम्पाउण्ड बाहिर वरपरको क्षेत्रलाई परीक्षा निषेधित क्षेत्र घोषणा गर्ने आदि व्यवस्था गरेको पाईन्छ (स्रोत: www.oce.gov.np, २०६९ पौष २९) ।

माथि उल्लेखित सैद्धान्तिक र विषयगत साहित्यको पुनरावलोकनले व्यवस्थित रुपमा परीक्षा सञ्चालन गरी नतिजा प्रकाशन गर्न आवश्यक पर्ने कुराहरुको मार्ग निर्देशन गरेको पाईन्छ । यीनै आधारमा उ.मा.शि.प. ले सञ्चालन गर्ने परीक्षा र नतिजा प्रकाशन सम्बन्धी अध्ययन गरीएको थियो ।

## २.२ अध्ययनको अवधारणात्मक ढाँचा

परिषदले हरेक वर्ष कक्षा ११ र १२ को परीक्षा सञ्चालन गर्न परीक्षा केन्द्र निर्धारण गर्ने र हरेक परीक्षा केन्द्रहरुमा परिषदको तर्फबाट सुरक्षाकर्मि, पर्यवेक्षकहरु, अनुगमनकर्ताहरु पठाउने गर्दछ, भने उत्तरपुस्तिका संकलन भएपछि प्याकिङ्ग, उ. पु. परीक्षण, संपरिक्षण लगायतका कार्यहरु गर्दछ । यो अध्ययन यी र यस्तै कार्यहरुमा केन्द्रित  रहेको पाईन्छ । परीक्षा सञ्चालनमा परीक्षा केन्द्रका केन्द्राध्यक्ष, पर्यवेक्षकहरु बढी संलग्न हुने र नतिजा प्रकाशनमा परिषदका कर्मचारी र शिक्षकहरु बढी संलग्न हुने हुदा प्रश्नावलीहरु उनीहरुमा केन्द्रित गरी तथ्यांक संकलन गरिएको थियो, तथापी परीक्षा सञ्चालन गर्दा परिषद र परिक्षा केन्द्रको समेत समन्वयात्मक भूमिका रहने हुनाले यसमा परिषदको भूमिकालाई समेत हेर्ने प्रयास गरिएको  थियो । समग्रमा अध्ययनको अवधारणात्मक ढाँचा यस प्रकार रहेको छ :-

**अध्ययनको अवधारणात्मक ढाँचा**



## अध्याय तीन

# अध्ययन विधि

### ३.१ अध्ययनको ढाँचा

यो अध्ययनमा गुणात्मक पक्षलाई लिईएको थियो । उत्तरदाताहरसंग खुल्ला प्रश्नावली मार्फत उनीहरुको धारणा लिइएको थियो । साथै विभिन्न दस्तावेजहरुको सहायता समेत लिई परीक्षा संचालन र नतिजा प्रकाशनसंग सम्बन्धित विभिन्न सूचकहरुमा आधारित भई प्रश्नावली तयार गरीएको थियो जसमा परीक्षा सञ्चालन र नतिजा प्रकाशन प्रक्रियाको प्रभावकारिता हेर्ने प्रयास गरिएको थियो । संक्षेपमा अध्ययनको ढाँचा यसप्रकार तय गरिएको थियो ।

तालिका : १

**अध्ययनको ढाँचा**

| सि. नं. | उद्देश्य | सूचनाको स्रोत | साधनको प्रयोग |
|---|---|---|---|
| १ | उच्चमाध्यमिक शिक्षा परिषदद्वारा सञ्चालित परीक्षामा रहेका समस्याहरु पहिचान गर्ने । | परीक्षा केन्द्र, केन्द्राध्यक्ष, पर्यवेक्षक, निरिक्षक र सम्बन्धित कर्मचारी । | प्रश्नावली |
| २ | परिषदको नतिजा प्रकाशनमा रहेका समस्याहरु विश्लेषण गर्ने । | परिषदको निति नियम, परीक्षाका पदाधिकारी एवं कर्मचारीहरु र उत्तर पुस्तिका परीक्षक । | प्रश्नावली र अन्तर्वार्ता |
| ३ | परिषदको परीक्षा सञ्चालन र नतिजा प्रकाशनमा रहेका समस्याहरु समाधान गर्न आवश्यक सुझावहरु प्रस्तुत गर्ने । | परीक्षा केन्द्र, केन्द्राध्यक्ष, पर्यवेक्षक, निरिक्षक, उ.पु.परीक्षक र परीक्षाका कर्मचारीहरु | प्रश्नावली |

## ३.२ नमुना छनौट

### ३.२.१ परीक्षा केन्द्रको छनौट :

काठमाण्डौ उपत्यकाका २०६९ सालमा निर्धारण गरिएका १६१ वटा परीक्षा केन्द्रहरु मध्येबाट सुविधाजनक नमूना छनौटको आधारमा ५ वटा परीक्षा केन्द्रहरु छनौट गरिएको थियो । उपरोक्त ५ केन्द्रहरुका ५ जना केन्द्राध्यक्षहरुसँग प्रश्नावलीको माध्यमबाट तथ्यांक संकलन गरिएको थियो । जसमा निम्न परीक्षा केन्द्रहरु रहेका थिए :–

(१) वागीश्वरी उमावि भक्तपूर (सामूदायिक)

(२) कन्या उमावि, डिल्लीबजार काठमाण्डौ (सामूदायिक)

(३) आदर्शकन्या उमावि, ललितपूर (सामूदायिक)

(४) ग्रामर पब्लिक उमावि कोटेश्वर काठमाण्डौ (निजी)

(५) पेन्टागन उमावि तीनकुने, काठमाण्डौ (निजी)

### ३.२.२ पर्यवेक्षकहरुको छनौट :

छनौट गरिएका ५ वटा परीक्षा केन्द्रमा खटिएका पर्यवेक्षकहरु मध्ये हरेक परीक्षा केन्द्रबाट १-१ जनाका दरले जम्मा ५ जना पर्यवेक्षकहरु गोलाप्रथाद्धारा छनौट गरिएको थियो ।

### ३.२.३ उत्तरपुस्तिका परीक्षकहरुको छनौट :

उत्तरपुस्तिका परीक्षणमा सहभागी भएका शिक्षकहरु मध्येबाट शिक्षा, मानविकी, विज्ञान र व्यवस्थापन विषय समूहका शिक्षकहरु १०–१० जना पर्ने गरी सुविधाजनक नमूना छनौटको आधारमा जम्मा ४० जना शिक्षकहरु छनौट गरिएको थियो ।

### ३.२.४ कर्मचारीहरुको छनौट :

नतिजा प्रकाशनमा सहभागी कर्मचारीहरु मध्येबाट सम्भव भए सम्म फरक-फरक दर्जाका ५ जना पदाधिकारी तथा कर्मचारीहरु सुविधजनक नमूना छनौटका आधारमा छनौट गरिएको थियो ।

## ३.३ साधन निर्माण

अध्ययनलाई सजिलो बनाउन निम्न साधनहरुको निर्माण गरी प्रयोग गरिएको थियो :–

I. **प्रश्नावली** : खुल्ला तथा बन्द प्रश्नावली निर्माण गरिएको थियो । (जुन पेज नं. ३६ देखि ४४ सम्म अनुसूचि मा राखिएको छ । )

II. **अन्तर्वार्ता** : मौखिक अन्तर्वार्ताद्वारा प्रश्नावलीले समेट्न नसकेका कुराहरुलाई समेटिने प्रयास गरिएको थियो ।

III. **दस्तावेज अध्ययन** : परिषदको परीक्षालाई प्रभावकारी बनाउन विभिन्न समयमा गठन गरिएका समिति र कार्यदल आदिका प्रतिवेदनहरु तथा उच्च माध्यमिक शिक्षा परिषदको परीक्षा नियन्त्रण कार्यालयमा रहेका विद्यार्थीहरु सम्बन्धी तथ्यांकहरु तथा अन्य दस्तावेजहरुको अध्ययन गरिएको थियो ।

## ३.४ सूचना संकलन प्रकिया

परिषदमा परीक्षा सञ्चालन सम्बन्धी तथ्यांक निम्नानुसार संकलन गरिएको थियो :

I. प्रश्नपत्र निर्माण सम्बन्धमा प्रश्नावली तयार गरी प्रश्नपत्र निर्माणमा संलग्न पदाधिकारी एवं कर्मचारीहरुसंग मौखिक एवं लिखित जवाफ संकलन गरिएको थियो ।

II. परीक्षा सञ्चालनको लागि परीक्षा केन्द्र निर्धारण गर्दा अपनाउने प्रक्रियाको सम्बन्धमा रहेका नियम निर्देशन एवं कार्यविधिहरुको अध्ययन गरिएको थियो ।

III. प्रश्नपत्रहरुको गोपनीयता कायम राख्न गरिएका प्रयास, चोरी रोगथाम एवं उत्तरपुस्तिका संकलन सम्बन्धमा सम्वद्ध पदाधिकारी कर्मचारी, केन्द्राध्यक्ष, पर्यवेक्षक, निरिक्षक समक्ष प्रश्नावली तयार गरी उत्तर संकलन गरिएको थियो ।

परिषदले लिने परीक्षाको नतिजा प्रकाशन सम्बन्धी निम्न सूचकहरुमा परिषदले अपनाउने कार्यविधिहरुको तथ्याङ्क निम्नानुसार संकलन गरिएको थियो ।

I. उत्तरपुस्तिका प्याकिङ्ग गर्दा अपनाइने कार्यविधि सम्बन्धमा तथ्याङ्क संकलन गर्न प्रश्नावली तयार गरी प्याकिङ्गमा संलग्न कर्मचारी र पदारिकारीबाट जानकारी लिइएको थियो ।

II. उत्तरपुस्तका परीक्षण गर्ने स्थान व्यवस्था शिक्षक छनौटका आधारहरु, विद्यमान निति नियम , निर्देशनहरुको अध्ययन वारे प्रश्नावली तयार गरी सम्वद्ध पदाधिकारी एवं शिक्षकहरुवाट जानकारी लिइएको थियो ।

## ३.५ तथ्याङ्कका स्रोतहरु

परिषदका ऐन, नियम एवं निति निर्देशनहरु अन्य प्रकाशित कृति, लेख, रचनाका साथै पुस्तकहरुवाट समेत लिइएको तथ्याङ्कलाई द्वितीय स्रोतको रुपमा लिइएको थियो भने परीक्षा सञ्चालन र नतिजा प्रकाशनमा संलग्न कर्मचारी/ पदाधिकारी, केन्द्राध्यक्ष, पर्यवेक्षक, निरिक्षक एवं शिक्षकहरुबाट प्राथमिक स्रोतको रुपमा प्रश्नावली एवं अन्तर्वार्ताद्वारा तथ्यांक संकलन गरिएको थियो ।

## ३.६ तथ्याङ्क विश्लेषण प्रक्रिया

यो अध्ययन गुणात्मक अध्ययन भएकोले प्रश्नावली एवं अन्तवार्ताद्धारा संकलन गरिएको सूचना एवं तथ्याङ्कहरुलाई सैद्धान्तिक कुराहरुसंग तुलना गरिएको थियो परीक्षा सञ्चालन प्रक्रिया अन्तर्गत पर्ने विभिन्न सूचकहरु (सैद्धान्तिक) संग व्यावहारमा परीक्षा सञ्चालन प्रक्रिया र नतिजा प्रकाशन प्रक्रिया संग मेल खाए नखाएको हेरी विश्लेषण गरिएको थियो ।

## अध्याय चार

# तथ्याङ्को विश्लेषण र व्याख्या

## ४.१ परीक्षार्थी विवरण

उच्चमाध्यमिक शिक्षा परिषदद्वारा २०६९ साल वैशाख १७ देखि जेठ १० गते सम्म कक्षा ११ र १२ को परीक्षा सञ्चालन गरिएको थियो परीक्षामा कुल ८६७५४१ जना परीक्षार्थीहरु सहभागी रहेका थिए । परीक्षा सञ्चालनलाई व्यवस्थित र मर्यादित बनाउन हरेक जिल्लामा प्रमुख जिल्ला अधिकारीको संयाजकत्वमा परीक्षा समन्वय समिति गठन गरिएको थियो । परीक्षामा पर्यवेक्षक, केन्द्राध्यक्ष, निरीक्षक, कर्मचारी र सुरक्षाकर्मी आदिको व्यवस्था गरिएको थियो । परीक्षामा सहभागी भएका परीक्षार्थीहरुको विवरण यस प्रकार थियो :–

तालिका २

**२०६९ सालको परीक्षामा सहभागी परीक्षार्थी विवरण**

| कक्षा | छात्र | छात्रा | छात्रा प्रतिशत | जम्मा |
|---|---|---|---|---|
| ११ नियमित | १,५१,३४९ | १,३४,७८४ | ४७.१० | २,८६,१३३ |
| ११ आंशिक | ८०,८५१ | ९५,०३१ | ५४.०३ | १,७५,८८२ |
| जम्मा | २,३२,२०० | २,२९,८१५ | ४९.७४ | ४,६२,०१५ |
| १२ नियमित | १,३६,०६० | १,२६,९२९ | ४८.२६ | २,६२,९८९ |
| १२ आंशिक | ६४,२७४ | ७८,२६३ | ५४.९१ | १,४२,५३७ |
| जम्मा | २,००,३३४ | २,०५,१९२ | ५०.६० | ४,०५,५२६ |
| कूल जम्मा | ४,३२,५३४ | ४,३५,००७ | ५०.१४ | ८,६७,५४१ |

स्रोत : शिक्षा साप्ताहिक, जेठ १५, सोमबार, २०६९

माथि उल्लेखित कुल ८६७५४१ परीक्षार्थीहरु मध्य कक्षा ११ मा छात्रा संख्या ४९.७४ प्रतिशत देखिन्छ भने कक्षा १२ मा ५०.६० रहेको पाईन्छ , आंशिक तर्फ हेर्दा कक्षा ११ मा ५४.०३ प्रतिशत र कक्षा १२ मा ५४.९१ प्रतिशत छात्रा रहेको पाइन्छ आंशिक तर्फबाट सहभागी हुने परीक्षार्थीहरु मध्य छात्राको संख्या बढी देखिन्छ ।

कक्षा १२ मा ३०२६८ र कक्षा ११ मा ३१६०६ गरी कूल ६१८७४ कर्मचारीहरु प्रत्यक्ष रुपमा परीक्षा सञ्चालनमा सहभागी भएको देखिन्छ। त्यसैगरी काठमाण्डौ उपत्यका भित्र परीक्षामा सहभागी परीक्षार्थीहरु यसप्रकार थिए :–

तालिका ३

**काठमाडौं उपत्यका भित्र परीक्षामा सहभागी परीक्षार्थी विवरण**

| कक्षा ११ | | कक्षा ११ जम्मा | कक्षा १२ | | कक्षा १२ जम्मा | कुल जम्मा |
|---|---|---|---|---|---|---|
| नियमित | आंशिक | | नियमित | आंशिक | | |
| ६०,८६० | १७,६२९ | ७८,४८९ | ५२,६४६ | १६,९३१ | ६९,५७७ | १,४८,०६६ |

स्रोतः उमाशिप, परीक्षा नियन्त्रण कार्यालय

यसरी कक्षा ११ र १२ मा गरी काठमाण्डौ उपत्यका भित्र मात्र १४८०६६ जना परीक्षार्थी परीक्षामा सहभागी भएको देखिन्छ। अर्थात नेपाल भरीका कुल परीक्षार्थीको करीब १७ प्रतिशत परीक्षार्थीहरु उपत्यका भित्रबाट परीक्षामा सहभागी भएको देखिन्छ।

## ४.२ परीक्षा सञ्चालनको स्थिति

परीक्षा सञ्चालन सम्बन्धमा काठमाण्डौ, ललितपुर र भक्तपूर जिल्लाका निजी तथा सामूदायिक उमावि परीक्षा केन्द्रहरु छनौट गरिएको थियो जसमा परीक्षा केन्द्रका केन्द्राध्यक्षहरुसँग केन्द्रमा सहभागी परीक्षार्थी संख्या, पर्यवेक्षक संख्या, भौतिक सुविधाहरुको जानकारी लगायत प्रश्नपत्रको सुरक्षा, परिषदको सहयोग, चोरी रोगथाम, उत्तरपुस्तिका संकलन, पर्यवेक्षकको भूमिका जस्ता विषयहरुमा केन्द्रित रहेर प्रश्नावली तयार गरिएको थियो निम्नानुसार छ । (केन्द्राध्यक्षलाई सोधिएका प्रश्नावलीहरु अनुसूचिमा दिईएको छ।) :–

तालिका ४

**परीक्षा केन्द्रमा प्रयोग भएका भौतिक सामाग्रीहरुको विवरण**

| विवरण | वागीश्वरी उमावि,भक्तपुर | | कन्या उमावि डिल्लीबजार | | आदर्शकन्या उमावि, पाटन | | ग्रामर पब्लिक उमावि,कोटेश्वर | | पेन्टागन उमावि तीनकुने | |
|---|---|---|---|---|---|---|---|---|---|---|
| | कक्षा ११ | कक्षा १२ | कक्षा ११ | कक्षा १२ | कक्षा ११ | कक्षा १२ | कक्षा ११ | कक्षा १२ | कक्षा ११ | कक्षा १२ |
| परीक्षार्थी संख्या | ८५५ | ६६८ | ८२० | ६५२ | ५२० | ५१५ | ४७२ | ४३४ | ५४२ | ४५३ |
| प्रति डेस्कवेञ्च परीक्षार्थी संख्या | २ | २ | २ | २ | ३ | २ | २ | २ | २ | २ |
| प्रयोग भएका कोठासंख्या | ३४ | २६ | ३२ | २६ | २७ | २५ | २७ | २५ | २४ | २० |

आदर्शकन्या उमावि ललितपूरमा कक्षा ११ को परीक्षामा प्रति डेस्कबेञ्च परीक्षार्थी संख्या ३ जना राखेको देखिन्छ भने अन्य केन्द्रहरुमा प्रत्यक डेस्क बेञ्चमा २ जना परीक्षार्थीहरु राखी परीक्षा सञ्चालन गरेको देखिन्छ । अन्य केन्द्रहरुमा परीक्षार्थीहरुको बसाई व्यावस्थापनमा केन्द्राध्यक्षहरुले सबै केन्द्रहरुमा उपुक्त तरिकाले नै राखेको पाइयो ।

### ४.२.१ केन्द्र निर्धारण प्रकिया

परीक्षा केन्द्र निर्धारण परीक्षा शुरु हुनु भन्दा सामान्यतया १ महिना अघि नै  हुने गरेको पाइन्छ, केन्द्र निर्धारण उच्च माध्यमिक शिक्षा परिषदका उपाध्यक्षको संयोजकत्वमा रहेको परीक्षा समितिले गर्ने र परीक्षा नियन्त्रण कार्यालयले सार्वजनिक तथा कार्यन्वयन गर्ने गर्दछ । केन्द्र निर्धारण प्रकिया सम्बन्धमा प्राप्त केन्द्राध्यक्षहरुको धारणालाई तलको तालिकामा देखाइएको छ ।

तालिका ५

**केन्द्राध्यक्षहरुको केन्द्र निर्धारण सम्बन्धी धारणा**

| क.सं. | केन्द्र निर्धारण सम्बन्धमा केन्द्राध्यक्षहरुको धारणा | त्यस्तो राय दिनेको संख्या | प्रतिशत |
|---|---|---|---|
| १ | **केन्द्रमा राखिने विद्यार्थी संख्याको उपयुक्तता** | ५ | १०० |
| | घटाउनु पर्छ | १ | २० |
| | बढाए पनि फरक पर्दैन | २ | ४० |
| | ठिक्क छ | २ | ४० |
| २ | **परीक्षा केन्द्र निर्धारण** | ५ | १०० |
| | अध्ययन गरेर मात्र निर्धारण गर्नु पर्छ | ५ | १०० |
| | अहिले कै तरिका ठीक छ | ० | ० |
| ३ | **परीक्षा केन्द्र निर्धारणको समय** | ५ | १०० |
| | ठीक छ | १ | २० |
| | बेठीक छ | ४ | ८० |
| | परीक्षा शुरु हुनु भन्दा कम्तिमा डेड महिना अघि निर्धारण गर्नुपर्छ | ४ | ८० |

केन्द्र निर्धारण सम्बन्धमा परिषदले अपनाएको विधी ठिक छ ? भनी सोधिएको प्रश्नमा १०० प्रतिशत केन्द्राध्यक्षहरुले वैज्ञानिक विधि अपनाउन नसकेको केन्द्रको क्षमता र विद्यालयको सहभागिता गराउन नसकेको धारणा व्यक्त गरे । उपत्यका भित्रका परीक्षा केन्द्र परीक्षा शुरु हुनु भन्दा १५-२० दिन अघि मात्र सार्वजनिक गर्ने गरिएको सम्बन्धमा के यो समय उपयुक्त छ ? भनी सोधिएको प्रश्नमा २० प्रतिशत केन्द्राध्यक्षहरुले ठिक छ भन्ने जवाफ दिए भने ८० प्रतिशत केन्द्राध्यक्षहरुले कम्तिमा ४५ दिन अघि केन्द्र निर्धारण गर्नुपर्ने सुझाव दिए । केन्द्र निर्धारणमा उ.मा.वि.का प्रधानाध्यापकहरुको राय सुझाव लिने नगरेको दुरी तथा आवश्यकतालाई ध्यान नदिइएको, केन्द्र निर्धारण पारदर्शी नहुने गरेको जस्ता समस्याहरु केन्द्राध्यक्षहरुबाट उठाइयो ।

### ४.२.२ प्रश्नपत्रको सुरक्षा व्यवस्था

परिषदले परीक्षा शुरु हुनुभन्दा १–२ दिन अघि नै हरेक परीक्षा केन्द्रको नजिक पर्ने प्रहरी कार्यालयहरुमा लगेर प्रश्नपत्र राखिदिने गरेको पाइन्छ, प्रश्नपत्रको सुरक्षा व्यवस्था सम्बन्धमा केन्द्राध्यक्षहरुबाट प्राप्त रायलाई तलको तालिकामा देखाईएको छ

तालिका ६

**प्रश्नपत्रको सुरक्षा व्यवस्था सम्बन्धी केन्द्राध्यक्षहरुको धारणा**

| क्र.सं. | केन्द्राध्यक्षहरुको राय | त्यस्तो राय राख्नेको संख्या | प्रतिशत |
|---|---|---|---|
| १ | **केन्द्राध्यक्षले केन्द्रमा प्रश्नपत्र ल्याएको समय** | | |
| | परीक्षा शुरु हुनु भन्दा ४५ मिनेट पहिले | ४ | ८० |
| | परीक्षा शुरु हुनु भन्दा ३० मिनेट पहिले | १ | २० |
| २ | **प्रश्न पत्र बाहिरिने कारण** | | |
| | परीक्षा केन्द्रको लापरवाही | १ | २० |
| | परिषदको लापरवाही | २ | ४० |
| | सबै सचेत हुनु पर्ने | २ | ४० |
| ३ | **प्रश्नपत्रको गोपनीयता कायम गर्न परिषदको भूमिका** | | |
| | ठीक छ | ३ | ६० |
| | कमजोरी छ सुधार गर्नुपर्छ | २ | ४० |

प्रश्नपत्रहरु परीक्षाका दिन विषयगत रुपमा प्रश्नपत्रको थैलाबाट सिलबन्दी खाम सहीत प्रहरी कार्यालयबाट भरपाई गरी केन्द्राध्यक्ष वा निजले पठाएको व्यक्तिद्वारा लगिने गरेको भन्ने भनाइ सबै केन्द्रका केन्द्राध्यहरुको पाईयो । परीक्षा शुरु हुनु भन्दा ३० देखि ४५ मिनेट अघि प्रश्नपत्र प्रहरी कार्यालयबाट लग्ने गरिएको पाइन्छ । तर परिषदले आधा घण्टा पहिले परीक्षा केन्द्रमा लग्नुपर्ने भनी निर्देशन दिने गरेको कुरा केन्द्राध्यक्षहरुले बताए । आधा घण्टा अघि प्रश्नपत्र ल्याएर परीक्षा चलाउन सकिन्छ ? भन्ने प्रश्नको जवाफमा ८० प्रतिशत शिक्षकहरुले सकिदैन भनी जवाफ दिए भने २० प्रतिशत शिक्षकहरुले ४५ मिनेट सम्म भए पर्याप्त हुने जवाफ दिए । प्रश्नपत्र नपुग भएको खण्डमा सुरक्षा सहित प्रतिलिपी गरी बाड्ने गरिएको भन्ने भनाई केन्द्राध्यक्षहरुको पाईयो । छनौट गरिएका ५ वटै केन्द्रहरुमा नजिक पर्ने प्रहरी कार्यालयहरुबाट सुरक्षा व्यावस्था गरिएको र हरेक केन्द्रमा ५ देखि १० जना सम्म सुरक्षाकर्मी खटाइएको भन्ने भनाइ केन्द्राध्यक्षहरुको पाइयो ।

### ४.२.३ पर्यवेक्षकको व्यवस्था

उ.मा.शि.परिषदले हरेक परीक्षा केन्द्रमा परीक्षालाई मर्यादित र विश्वसनीय बनाउने अभिप्रायले उमावि मा अध्यापन गर्ने शिक्षकहरु मध्येबाट इच्छुक व्यक्तिहरुबाट निवेदन संकलन गरी पर्यवेक्षक खटाउने गरेको पाइन्छ । छनौटमा परेका परीक्षा केन्द्रहरुमा केन्द्राध्यक्षहरुद्धारा पर्यवेक्षकको व्यवस्था सम्बन्धमा मिश्रित जवाफ पाईयो । पर्यवेक्षकको व्यवस्था सम्बन्धमा केन्द्राध्यक्षहरुलाई सोधिएको प्रश्नावलीबाट प्राप्त राय यस प्रकार तालिकामा प्रस्तुत गरिएको छ:-

तालिका ७

**पर्यवेक्षकको भूमिका सम्बन्धमा केन्द्राध्यक्षहरुको धारणा**

| **क.सं.** | **केन्द्राध्यक्षहरुको राय** | **त्यस्तो राय दिनेको संख्या** | **प्रतिशत** |
|---|---|---|---|
| १ | पर्यवेक्षकको भूमिका ठिक छ | १ | २० |
| | पर्यवेक्षकको भूमिका ठिक छैन | ३ | ६० |
| २ | पर्यवेक्षक राख्नु आवश्यक छ | १ | २० |
| | पर्यवेक्षक राख्नु आवश्यक छैन | ३ | ६० |

खटाइएका पर्यवेक्षकहरु परीक्षा सञ्चालनमा अनुभवी नभएको, ढीलो गरी परीक्षा केन्द्रमा आउने गरेको,केही पर्यवेक्षक परीक्षा केन्द्रमा नजाने वा १,२ दिन मात्र जाने तथा परीक्षा समय (३ घण्टा) सम्म नबस्ने गरेको भन्ने भनाई केही केन्द्राध्यक्षहरुको पाईयो भने पर्यवेक्षकको आवश्यकता नै नरहेको भन्ने विचार समेत केन्द्राध्यक्षहरुबाट आएको पाइयो । यसैगरी पर्यवेक्षकहरुले परीक्षार्थीहरुको उत्तरपुस्तिकामा हस्ताक्षर गर्ने भन्दा अरु खासै भूमिका नरहेको भन्ने भनाई समेत केन्द्राध्यक्षद्धारा व्यक्त गरेको पाइयो । पर्यवेक्षकको भूमिका कस्तो लागेको छ ? भन्ने प्रश्नमा केन्द्राध्यक्षहरुले केही पर्यवेक्षकहरुले चोरी रोगथाममा वास्ता नगरेको वा नसघाएको, परीक्षार्थीहरुको उत्तरपुस्तिका प्रमाणित गर्ने काम नगरेको, केन्द्रमा पर्ने परीक्षा सम्बन्धी समस्याहरु समाधान गर्न केन्द्राध्यक्षहरुलाई नसघाएको जस्ता आरोप २० प्रतिशत केन्द्राध्यक्षहरुले लगाए भने ६० प्रतिशत केन्द्राध्यक्षहरुले पर्यवेक्षक छनौट प्रकिया नै गलत रहेको र अनुभवहिन व्यक्ति पर्यवेक्षक भई आउनाले काम गर्न असहज भएको गुनासो व्यक्त गरे । त्यसै गरि ८० प्रतिशत पर्यवेक्षकहरुले आफुले परीक्षा मर्यादित बनाउन सक्दो भूमिका खेलेको भएपनि केन्द्राध्यक्षहरु आफुप्रति सकारात्मक नभएको पारिश्रमिक न्यून रहेको, पर्यवेक्षक छनौट प्रकृया पारदर्शी नभएको, परीक्षा अनुगमनको लागि तालिम नहुने गरेको जस्ता

गुनासाहरु गरेको पाइयो भने २० प्रतिशतले पर्यवेक्षक छनौट प्रक्रिया राम्रो भएको धारणा व्यक्त गरे । ( पर्यवेक्षकहरुलाई सोधिएको प्रश्नावली अनुसुचिमा दिइएको छ ।)

पर्यवेक्षकको राय तथा अनुभव सम्बन्धमा जानकारी लिन उनीहरुलाई समेत प्रश्नावली तयार गरीएको थियो उनीहरुबाट प्राप्त राय र केन्द्राध्यक्षलाई सोधिएको प्रश्नावलीबाट प्राप्त धारणा समेत यसप्रकार तालिकामा प्रस्तुत गरिएको छः-

तालिका ८

**पर्यवेक्षकको धारणा**

<table>
<tr><th>क्र.सं.</th><th colspan="2">विवरण</th><th>संख्या</th><th>प्रतिशत</th></tr>
<tr><td>१</td><td colspan="2">पहिलो पटक पर्यवेक्षक हुने शिक्षक संख्या</td><td>२</td><td>४०</td></tr>
<tr><td>२</td><td colspan="2">२ वा सो भन्दा बढी पटक पर्यवेक्षक हुनेको संख्या</td><td>३</td><td>६०</td></tr>
<tr><td>३</td><td colspan="4">पर्यवेक्षक छनौट प्रक्रिया सम्बन्धमा केन्द्राध्यक्ष र पर्यवेक्षकको राय</td></tr>
<tr><td></td><td>केन्द्राध्यक्ष/पर्यवेक्षक</td><td>राय/धारणा</td><td>राय दिनेको संख्या</td><td>प्रतिशत</td></tr>
<tr><td rowspan="2">क</td><td rowspan="2">पर्यवेक्षकको राय</td><td>छनौट प्रक्रिया अहिलेकै ठिक छ</td><td>१</td><td>२०</td></tr>
<tr><td>पारदर्शी र वैज्ञानिक बनाउनु पर्ने</td><td>४</td><td>८०</td></tr>
<tr><td rowspan="3">ख</td><td rowspan="3">केन्द्राध्यक्षको राय</td><td>छनौट प्रक्रिया ठीक छ</td><td>१</td><td>२०</td></tr>
<tr><td>पर्यवेक्षक आवश्यक छैन</td><td>१</td><td>२०</td></tr>
<tr><td>छनौट प्रक्रिया वैज्ञानिक र पारदर्शी हुनुपर्छ</td><td>३</td><td>६०</td></tr>
</table>

छनौटमा परेका परीक्षा केन्द्रहरुमा ४० प्रतिशत पर्यवेक्षक नयाँ रहेको पाईन्छ । ८० प्रतिशत पर्यवेक्षकहरुले पर्यवेक्षक छनौट प्रक्रिया पारदर्शी र वैज्ञानिक बनाउनु पर्ने राय दिएको पाईयो ।

### ४.२.४ परीक्षा सञ्चालनमा परिषदको भूमिका

परिषदले परीक्षा केन्द्रमा परीक्षा सञ्चालन गर्दा के कस्तो सहयोग प्रदान गरेको छ, अर्थात परीक्षा सम्बन्धी निर्देशनहरुको पर्याप्तता प्रभावकारीता एवं उपयूक्तता, चोरी रोगथाममा सहयोगीको भूमिका जस्ता

विषयमा केन्द्रित रहेर यस सम्बन्धी प्रश्नावली तयार गरिएको थियो यसबाट प्राप्त जवाफलाई तालिकामा यस प्रकार व्यक्त गरिएको छ :–

तालिका ९

**परिषदको भूमिका सम्बन्धमा प्राप्त राय**

| क्र.सं | परिषदबाट प्राप्त निर्देशन | | उपयुक्त | | पर्याप्त | | सान्दर्भिक | |
|---|---|---|---|---|---|---|---|---|
| १ | | राय | राय दिनेको संख्या | प्रतिशत | राय दिनेको संख्या | प्रतिशत | राय दिनेको संख्या | प्रतिशत |
| | केन्द्राध्यक्ष | छ | २ | ४० | १ | २० | ३ | ६० |
| | | छैन | १ | २० | २ | ४० | १ | २० |
| | | सुधार गर्नुपर्छ | २ | ४० | २ | ४० | १ | २० |
| २ | पर्यवेक्षक | छ | २ | ४० | २ | ४० | ४ | ८० |
| | | छैन | १ | २० | १ | २० | ० | ०० |
| | | सुधार गर्नुपर्छ | २ | ४० | २ | ४० | १ | २० |
| केन्द्राध्यक्षहरुबाट प्राप्त अन्य रायहरु | | | | | | | | |

| | | | |
|---|---|---|---|
| ३ | निर्देशन/जानकारीहरु प्रश्नपत्र संगै पठाउनु | त्यस्तो राय दिनेको संख्या | प्रतिशत |
| | ठीक | ० | ० |
| | बेठीक | ५ | १०० |
| ४ | केन्द्र सञ्चालन खर्चको पर्याप्तता | | |
| | केन्द्र सञ्चालन खर्च पर्याप्त छ | ० | ० |
| | केन्द्र सञ्चालन खर्च अपर्याप्त छ | ५ | १०० |
| ५ | परीक्षार्थीहरुको प्रवेशपत्र | | |
| | परीक्षा केन्द्रमा पठाउनु उपयुक्त हुन्छ | १ | २० |
| | उ.मा.वि.मा नै पठाउनु उपयुक्त हुन्छ | ४ | ८० |

परीक्षा सम्बन्धी निर्देशनहरुको पर्याप्तता, उपयुक्तता र सान्दर्भिकता कस्तो लागेको छ ? भन्ने प्रश्नमा औसत ४० प्रतिशत केन्द्राध्यक्षले ठीक छ भन्ने जवाफ दिए भने औसत ३३.३३ प्रतिशत केन्द्राध्यक्षहरुले सुधार गर्नुपर्ने सुझाव दिए । त्यसैगरी औषत ५३ प्रतिशत पर्यवेक्षकहरुले ठिक छ भन्ने जवाफ दिए भने ३३.३३ प्रतिशत पर्यवेक्षकहरुले सुधार गर्नुपर्छ भन्ने जवाफ दिए । केन्द्राध्यक्षहरुले परिषदले परिक्षार्थीहरुको प्रवेशपत्र ढिलो गरी पठाउने गरेको परिषदले दिने निर्देशन र जानकारीहरु छिट्टै पाउनुपर्नेमा प्रश्नपत्रसंगै पठाउने

गरेको जस्ता गुनासो गरे, परिषदले उपलब्ध गराउने परीक्षा सञ्चालन सम्बन्धी रकम अपर्याप्त रहेको भनी १०० प्रतिशत केन्द्राध्यक्षहरुले भनेको पाइयो । केन्द्र निर्धारणमा उमाविहरु संग सल्लाह लिने नगरेको भनी गुनासो गरेको पाइयो । परिषदको तर्फबाट परीक्षा सञ्चालनको समयमा विभिन्न कर्मचारी एवं पदाधिकारीहरु आफै आइ सल्लाह सुझाव दिने गरेको भन्ने भनाई पनि रहेको पाईयो । त्यसैगरी परीक्षा सञ्चालन पूर्व परिषदले परीक्षा केन्द्रमा परीक्षा सञ्चालन गर्ने तरिकाहरु सम्बन्धी जानकारी दिन केन्द्राध्यक्षहरुको गाष्ठी गरेको भन्ने भनाई पाईयो तर हरेक वर्ष गरिने त्यस्ता गोष्ठीमा उही केन्द्राध्यक्षलाई बोलाईने र वर्षौ देखि एउटै व्यक्तिलाई उही कुरा सिकाउदा प्रभावकारी हुन नसकेकोले परिषद्ले परीक्षामा खटिने केन्द्रका कर्मचारीलाई समेत सहभागी गराई गोष्ठी सञ्चालन गराएमा प्रभावकारी हुने कुरा केन्द्राध्यक्षहरुको सुझाव पाईयो ।

### ४.२..५ चोरी रोगथाम गर्न अपनाइएका उपायहरु

परीक्षार्थीहरुको बसाई व्यवस्था, असम्बन्धीत व्यक्तिहरको प्रवेशमा रोक, परीक्षार्थीहरुलाई अनुशासनमा राख्न गरिएका विभिन्न उपायहरुले चारी रोगथाममा प्रभाव पार्दछन् । छनौटमा परेका परीक्षा केन्द्रहरुको स्थलगत अवलोकन गर्दा निम्न अनुसार अवस्था देखियो :-

तालिका १०

**चोरी रोगथाममा अपनाईएका उपायहरु**

| क.सं. | चोरी रोगथाममा अपनाईएका उपायहरु | उपाय अपनाउने केन्द्र संख्या | प्रतिशत |
|---|---|---|---|
| १ | परीक्षार्थीहरुको परीक्षापूर्व खानतलासी गरेको | ३ | ६० |
| २ | असम्बन्धित व्यक्तिहरुलाई प्रवेश निषेध गरेको | ४ | ८० |
| ३ | प्रत्येक डेस्क बेञ्चमा २ जना मात्र परिक्षार्थी राखेको | ४ | ८० |
| ४ | चिट चोर्नेलाई कारवाही गरेको | ३ | ६० |
| ५ | सुरक्षाकर्मी परिचालन गरेको | ५ | १०० |
| ६ | खटिने कर्मचारीहरुलाई परिचय पत्र दिएको | २ | ४० |

उपरोक्त अवलोकनबाट सबै परिक्षा केन्द्रहरुमा सुरक्षाकर्मी परिचालन गरिएको पाईयो ८० प्रतिशत केन्द्रहरुमा असम्बन्धीत व्यक्तिहरुको प्रवेश निषेध गरेको पाइयो त्यसैगरी परीक्षार्थीहरुको प्रवेश संगै खानतलासी गर्ने ६० प्रतिशत, एउटा डेस्क बेञ्चमा ३ जना सम्म परीक्षार्थी राख्ने गरेको एउटा केन्द्र भेटियो

भने ८० प्रतिशत केन्द्रहरुमा २ जना मात्र परीक्षार्थी राखेको पाइयो । ६० प्रतिशत परीक्षा केन्द्रहरुमा परीक्षामा खटिने व्यक्तिहरुको परिचय पत्र नबनाईएको पाईयो ।  परीक्षामा प्रयोग भएका कक्षा कोठाहरु, डेस्क बेञ्चहरु आदर्शकन्या उमावि पाटन ललितपूरमा साँगुरो र जोडेर राखिएको पाइयो जसले अघिपछि हेर्दा सहजै साथीहरुको नक्कल गर्न मिल्ने देखियो अन्य परीक्षा केन्द्रहरुमा भने यस्तो अवस्था रहेन । चोरी रोगथाम गर्न के के उपायहरु अपनाउनु भएको छ ? भन्ने प्रश्नमा केन्द्राध्यक्षहरुले परीक्षा सञ्चालन पूर्व परीक्षार्थीहरुको खानतलासी गर्ने, बाहिरी व्यक्तिहरुको प्रवेशमा रोक लगाउने, निरिक्षकहरुलाई कडा निगरानी गर्न निर्देशन दिने जस्ता उपायहरु अवलम्बन गरिएको भन्ने भनाई पाईयो । परीक्षामा खुकुलो पार्ने वा चोराउने निरीक्षकलाई कोठा परिवर्तन वा निरिक्षकबाट नै हटाउने गरिएको तथा चोरीमा संलग्न विद्यार्थीलाई ठाउँ वा कोठा परीवर्तन गर्ने वा परीक्षाबाट निष्कासन गर्ने गरिएको छ भन्ने भनाई पाइयो ।

## ४.३ नतिजा प्रकाशन प्रकिया

परीक्षा सञ्चालन पछि महत्वपूर्ण कार्य नतिजा प्रकाशन हो । परीक्षा विश्वसनीय ढंगले सञ्चालन गर्न सकेमा  परीक्षाको नतिजामा समेत गुणस्तरीयता कायम हुन गई प्रमाणपत्र प्राप्त जनशक्तिले आफ्नो क्षेत्रमा प्रभावकारी ढंगले कार्यसम्पादन गर्न सक्छ । परीक्षाको समग्र विश्वसनीयता र वैधता यसको नतिजा प्रकाशन अन्तर्गत कोडिङ्ग डिकोडिङ्ग, प्याकिङ्ग, उत्तरपुस्तिका परीक्षण, प्राप्तांक ईन्ट्री, नतिजा प्रकाशन, प्रमाणपत्र वितरण आदि कुराहरुले समेत निर्धारण गर्दछ । त्यसैले यीनै कुराहरुलाई आधार बनाएर कक्षा ११ र १२ को नतिजा प्रकाशन सम्बन्धी कुराहरुको अध्ययन गरिएको छ । यसको लागी केन्द्राध्यक्ष, उत्तरपुस्तिका परीक्षक, नतिजा प्रकाशनमा सम्लग्न कर्मचारी/पदाधिकारी आदिसंग प्रश्नावलीको सहायताले तथ्यांक संकलन गरिएको थियो । जुन यसप्रकार छ :–

**४.३.१ उत्तरपुस्तिका संकलन** :– परीक्षा सञ्चालन भई सकेपछि परीक्षा केन्द्रले सोही दिन विषयगत रुपमा उत्तरपुस्तिका प्याकिङ्ग गरी नजिकको प्रहरी कार्यालयमा लगेर राखिदिने र परिषद्ले सोही दिन वा भोलिपल्ट हरेक प्रहरी कार्यालयबाट भर्पाइ गरी उ. पु. बुझि लग्ने गरेको पाईयो संकलित उत्तरपूस्तिका उ.मा.शि.परिषदमा ठाउ अभावको कारण एउटै कोठामा मिसाएर भण्डारण गर्ने गरेको पाइयो त्यसरी राखिएको उत्तरपूस्तिका प्याकिङ्गको समयमा मात्र विषयगत रुपमा छुटयाई प्याकिङ्ग गर्ने गरेको पाइयो ।

**४.३.२ उत्तरपुस्तिका प्याकिङ्ग :–** प्याकिङ्गमा सामान्यतया वर्षौदेखि अनुभवी कर्मचारीहरुलाई खटाईने गरेको पाईयो, नयाँ कर्मचारी भएमा अनुभवीसंग मिलाएर समूह–समूहमा विषयगत जिम्मेवारी दिने गरिएको पाईयो । उत्तरपूस्तिका प्याकिङ्ग कार्य निकै संवेदनशील कार्य हो । कुनै परीक्षार्थीको उत्तरपुस्तिका आफ्नै केन्द्रको प्याकेटमा नपरी अन्य केन्द्रको परीक्षार्थीको उ.पु. मा मिसिन गएमा उक्त परिक्षार्थीको नतिजा प्रकाशन नै

नहुने गर्दछ भने एउटा विषयको उ.पु. अर्को विषयमा मिसिन गएमा पनि नतिजा प्रकाशन हुदैन भन्ने भनाइ प्याकिङ्गमा संलग्न कर्मचारीहरुको पाइयो । त्यसैगरी प्याकिङ्ग गर्दा परीक्षा केन्द्रले पठाएका पोकामा केन्द्रको नाम समेत उल्लेख गरिने हुदा त्यस्तो पोका सहीत प्याकिङ्ग गर्दा उ.पु. परीक्षकले कुन केन्द्रको कपि हो भन्ने जानकारी प्राप्त गर्ने र परीक्षणमा प्रभाव पर्न सक्ने हुन्छ त्यसतर्फ परिषद्ले ध्यान दिन नसकेको पाईयो । केही सिमित विषयहरुको मात्र कोडिङ्ग गर्ने गरिएको पाइयो जस्तै भौतिकशास्त्र, रसायनशास्त्र, अंग्रेजी, अर्थशास्त्र, लेखाशास्त्र आदि । त्यसमा पनि उपत्यका बाहिरका जिल्लाहरु का उ.पु. हरु कोडिङ्ग गर्ने व्यवस्था नभएको पाईयो ।

प्याकिङ्गमा संलग्न कर्मचारीहरुलाई तालिमको व्यावस्था, स्पष्ट निर्देशन, जनशक्ति व्यावस्था ठाँउको पर्याप्तता जस्ता विषयहरुमा केन्द्रित रहेर प्रश्नावली तयार गरिएको थियो । जसमा कर्मचारीहरु हाल सम्म तालिम नदिईएको, कामको बाँडफाँड तथा जिम्मेवारी सहितको स्पष्ट निर्देशन दिने नगरिएको, इमान्दार कर्मचारीहरुमा पुरस्कार र तथा खराबलाई दण्डको व्यवस्था नभएकोले काममा उत्साह र उच्च मनोबल नभएको, सागुरो ठाउँमा धेरै विषयहरुको प्याकिङ्ग गर्ने गरिएको फलस्वरुप एक विषयका उ.पु. अर्कोमा मिसिने सम्भावना रहेको, काम गर्ने कोठाहरु अध्यारो र हावा सञ्चालन नहुने प्रकृतिका भएकाले प्याकिङ्ग गर्ने व्यावस्थामा सुधार गर्नुपर्ने देखिएको ।

**४.३.३ उत्तरपुस्तिका परीक्षकहरुको व्यवस्था :–** कम्तिमा ३ वर्ष अघि सम्बन्धित विषयमा स्नातकोत्तर गरी उच्च माध्यमिक अथवा सो भन्दा माथिल्लो तहमा अध्यापनरत शिक्षकहरुबाट उत्तरपुस्तिका परीक्षण गराउने व्यवस्था रहेको पाइयो । उत्तरपुस्तिका प्याकिङ्ग पछि परीक्षणको कार्य हुने गरेको, जसको लागी केही विषयहरु अंग्रेजी, नेपाली, गणित, शिक्षा, लेखा, भौतिकशास्त्र, जीवशास्त्र जस्ता विषयका विषयगत शिक्षकहरुलाई उ.पु. परीक्षण अघि अभिमुखिकरण तालिम दिने गरेको पाईयो, अहिले सञ्चालन गरिएको यस्तो तालिममा अघिल्लो वर्ष तालिम नलिएका नयाँ शिक्षकहरु सहभागी गराइएको कुरा तलिम सञ्चालनमा सहभागी एक कर्मचारीको भनाइ थियो ।

उत्तरपुस्तिका परीक्षकहरुको छनौट दुई तरिकाले हुने गरेको भन्ने भनाई परीक्षाका कर्मचारीहरुको पाईयो जसमा पहिलो अघिल्लो वर्षहरुमा उत्तरपुस्तिका परीक्षण गरेको आधारमा अहिले उत्तरपुस्तिका परीक्षण गर्न दिने र दोश्रो तीन वर्ष अघि स्नातकोत्तरको प्रमाणपत्र लिई उच्चमाध्यमिक वा सो भन्दा माथिल्लो तहमा सम्बन्धित विषय अध्यापन गरेको आधारमा नयाँ शिक्षकहरु छनौट गर्ने ।

**४.३.४ उत्तरपुस्तिका परीक्षण** :– अघिल्लो वर्षदेखि केही उमाविहरुमा उत्तरपुस्तिका परीक्षण केन्द्र खोली ती स्थानहरुमा उत्तरपुस्तिका परीक्षण गराउने व्यावस्था गरिएको पाईयो । यो वर्ष चार वटा उमाविहरुमा परीक्षण

केन्द्र खोलि परीक्षण केन्द्रहरुमा २ देखि ४ जना सम्म कर्मचारी खटाइएको पाईयो । उत्तरपुस्तिका परीक्षण केन्द्रमा सुरक्षाको व्यावस्था गर्न २ जना सुरक्षा कर्मीहरु खटाईएको पाईयो । यस वर्ष विजया स्मारक उमावि डिल्लीवजार, माइलस्टोन उमावि वालकुमारी, मनमोहन उमावि सोह्रखुट्टे र वागीश्वरी उमावि भक्तपुर गरी ४ वटा परीक्षण केन्द्रहरुको व्यावस्था गरिएको थियो उत्तरपुस्तिका परीक्षण गराउन आवश्यक भौतिक सुविधाहरुको व्यावस्था सम्बन्धमा वागीश्वरी उमावि भक्तपुरमा शिक्षकहरु बसी परीक्षण गर्ने फर्निचर, खानेपानी, शौचालय लगायतका पूर्वाधारहरुको व्यावस्था रहेको भेटियो त्यस्तो व्यावस्था अन्य परीक्षण केन्द्रहरुमा समेत भेटियो तर विजय स्मारक उमावि केन्द्रमा अपर्याप्त ठाउँ, धेरै विषयहरु एकै ठाउँमा परीक्षण तथा वितरण गरीएको तथा अपर्याप्त कर्मचारी संख्या रहेको पाईयो । उत्तरपुस्तिका परीक्षण केन्द्रमा उ.पु. परीक्षकलाई सोधिएको प्रश्नावलीमा उनीहरुले दिएको जवाफ यसप्रकार तालिकामा प्रस्तुत गरिएको छ ( प्रश्नावली अनुसूचिमा दिइएको छ ।) :–

तालिका ११

**उत्तरपुस्तिका परीक्षकहरुको धारणा**

| क्र.सं. | परीक्षकहरुको राय | संख्या | प्रतिशत |
|---|---|---|---|
| १ | कर्मचारीहरुले आफुप्रति गरेको व्यावहार ठीक नलागेको | ३४ | ८५ |
| २ | पारिश्रमिक बढाउनु पर्ने राय दिने शिक्षक | ३० | ७५ |
| ३ | शिक्षकहरु गुणस्तरीय परीक्षणमा भन्दा पनि पैसाको मोहमा बढी सहभागी रहेको भन्ने शिक्षक | ५ | १२.५ |
| ४ | परीक्षण केन्द्र थप्नुपर्ने राय दिने शिक्षक | २१ | ५२.५ |
| ५ | १ देखि ५ वर्ष परीक्षण अनुभव रहेका शिक्षक संख्या | २५ | ६२.५ |
| ६ | ५ देखि १० वर्ष सम्म परीक्षण अनुभव भएका शिक्षक संख्या | १० | २५ |
| ७ | १० वर्ष भन्दा बढी परीक्षण अनुभव भएका शिक्षक संख्या | ५ | १२.५ |
| ८ | विषय नमिल्ने शिक्षकहरुले उत्तरपुस्तिका परिक्षण गरेका छन् भन्ने शिक्षक | १२ | ३० |
| ९ | विषय नमिल्ने शिक्षकहरुले उत्तरपुस्तिका परिक्षण गरेको थाहा छैन भन्ने शिक्षक | २० | ५० |
| १० | विषय नमिल्नेले परीक्षण गरेका छैनन् भन्ने शिक्षक संख्या | ८ | २० |

त्यसै गरी उत्तरपुस्तिका परीक्षणलाई व्यवस्थित बनाउन शिक्षकहरुको छनौट, गोपनीयता लगायत कर्मचारीहरुको व्यावहार र आर्थिक सुविधा सम्बन्धमा शिक्षकहरुले विभिन्न राय व्यक्त गरेको पाईयो जसमा कर्मचारीहरुको व्यावहार शिक्षक प्रति नराम्रो रहेको कपि वितरण गर्दा पक्षपात भएको राजनैतिक आस्था,चिनजान, नाता तथा साथी भाई आदि आधारमा विभेद गरिएको अन्यलाई कपि नै लुकाइ परीक्षण गर्न नदिइएको जस्ता गुनासाहरु पाईयो । असम्बन्धित व्यक्ति (विषय नमिल्ने वा शिक्षकका नाता गोता) बाट समेत कपि परीक्षण हुने गरेको र त्यसको अनुगमन गरी  कारवाही नभएको भन्ने कुरा उ.पु. परीक्षकहरुको पाईयो । कर्मचारीहरुको व्यावहार सुधार गर्नुपर्ने, परीक्षण केन्द्र थप गर्नुपर्ने, विषयगत परीक्षण केन्द्र कायम गर्नुपर्ने, पारीश्रमिक बढाउनुपर्ने, सम्बन्धीत विषयलाई मूल विषय मानी स्नातकोत्तर गरेका अनुभवी शिक्षकहरुलाई मात्र परीक्षण गराउन दिइनु पर्ने, संपरीक्षणमा शिक्षकहरु छनौट गर्दा कम्तिमा १० वर्ष परीक्षण कार्यमा संलग्न र सम्बन्धित मूल विषयमा स्नातकोत्तर गरेका शिक्षकहरुलाई छनौट गर्नुपर्ने र यस्तो छनौटको नितिगत मापदण्ड बनाई कार्यन्वयन गर्नुपर्ने तथा उत्तरपुस्तिका वितरण कार्यमा भद्रगोल रहेकोले व्यवस्थित बनाउन स्पष्ट नितीगत व्यावस्था गरी कडाईका साथ कार्यन्वयन गर्नुपर्ने र कार्यान्वयन भए नभएको कडाईका साथ अनुगमन गर्नुपर्ने सुझावहरु दिइएको पाइयो ।

### ४.३.५ नतिजा प्रकाशन

उत्तरपुस्तिका परीक्षण/संपरीक्षण कार्य सम्पन्न पछि प्राप्ताङ्क इन्ट्री गर्ने कार्य निकै संवेदनशील हुने गर्दछ अंक फरक परी ईन्ट्री भएमा नतिजा नै त्रेटीपूर्ण हुने गर्दछ त्यसैले हरेक विद्यार्थीको प्रत्येक विषयको प्राप्ताङ्क दुई ठाउँमा ईन्ट्री गरी कम्प्यूटरको माध्यमबाट दुवै ईन्ट्रीलाई म्याच गरी जुन जुन प्राप्ताङ्कहरु गल्कबतअज भएका छन् त्यस्ता अंकहरु लाई सिम्बोल नम्बर भिडाइ पुन मार्किङ्ग स्लिपबाट सच्याइने गरेको पाइयो । दुवै मार्क स्लिपबाट ईन्ट्री हुन नसकी अनुपस्थित देखिएका परीक्षार्थीहरुको हाजिरी हेरी उत्तरपुस्तिका खोजेर पुन प्राप्ताङ्क ईन्ट्री गर्ने व्यवस्था रहेको पाइयो । यसरी सवै प्राप्ताङ्क ईन्ट्री पश्चात विद्यार्थीहरुको हाजिरी हेरी उपस्थित विद्यार्थीहरुको प्राप्ताङ्क नचढेको पाईएमा पुन उत्तरपुस्तिका खोजी नतिजा सच्याउने व्यावस्था गरिएको पाईयो र अन्तमा सम्पूर्ण प्रक्रिया पछि परीक्षा सञ्चालक समितिको वैठक बसी नतिजा प्रकाशन गराइने व्यावस्था रहेको पाईयो । दुई ठाउँमा प्राप्ताङ्क ईन्ट्री गर्ने कर्मचारीहरु फरक फरक हुने भए तापनि यसपटक त्यही कार्यालयकै कर्मचारी खटाइएको पाइयो । सबै विषयका प्राप्ताङ्क ईन्ट्री गर्न कुल ८ जना कर्मचारी र ८ वटै कम्प्यूटर मात्र प्रयोग हुदा काममा ढीलाई हुने गरेको पाईयो । अपर्याप्त आर्थिक सुविधा रहेको, कार्यवातावरण र पर्याप्त श्रोत साधन नभएको आदि कारणले कर्मचारीहरुको मनोबल उच्च हुन नसकेको, उत्तरपुस्तिका भण्डारण गर्ने ठाउँको अभाव हुदा उ.पु. खोज्नुपर्ने अवस्थामा भेट्टाउन निकै मुस्किल रहने गरेको, कार्यतालिका एवं कार्ययोजना विना नै कार्य हुने गरेको तथा स्पष्ट निर्देशनको अभाव रहने

गरेकोले कर्मचारीहरुले अन्योलमा काम गर्नु परेको जस्ता समस्याहरु कर्मचारीहरुबाट व्यक्त गरेको पाईयो । ( प्याकिङ्ग/कोडिङ्ग र नतिजा प्रकाशनमा संलग्न कर्मचारी/पदाधिकारीहरुलाई सोधिएको प्रश्नावली अनुसूचि मा दिइएको छ ।)

### ४.३.६ प्रमाणपत्र वितरण

नतिजा प्रकाशन पछि मार्कसिट प्रिन्ट गरी वितरणको जिम्मा सम्बन्धित क्षेत्रिय कार्यालयहरुबाट हुने गरेको र ट्रान्सकृप्ट लगायत अन्य प्रमाणपत्रहरु काठमाण्डौ कार्यालय र सानोठिमी कार्यालयबाट प्रिन्ट र वितरण गरिने व्यवस्था गरिएको पाईयो । सयौ विद्यार्थीहरु दैनिक प्रमाणपत्र लिन काठमाण्डौ वाहिरबाट आउने र ती सबैको प्रमाणपत्र व्यवस्थीत तरीकाले प्रिन्ट गर्ने रुजु गर्ने र वितरण गर्ने कार्य हुन सकेको पाईएन ।

# अध्याय पाँच

# प्राप्ति, निष्कर्ष र सुझावहरु

## ५.१ प्राप्ति

### ५.१.१ परीक्षार्थीहरुको संख्यात्मक स्थिति सम्बन्धी

I. २०६९ सालमा सञ्चालित कक्षा ११ र १२ मा नेपालभरी बाट कूल ८,६७,५४१ परीक्षार्थीहरु सहभागी भएको पाईयो जसमा छात्राको संख्या ४,३५,००७ अर्थात ५०.६० प्रतिशत देखिन्छ ।

II. कक्षागत रुपमा हेर्दा कक्षा ११ मा कुल ४,६२,०१५ परीक्षार्थी रहेको पाईन्छ भने कक्षा १२ मा ४,०५,५२६ परीक्षार्थीहरु सहभागी भएको पाईन्छ ।

III. कक्षा ११ नियमित परीक्षार्थीहरु २,८६,१३३ मध्य छात्रा प्रतिशत ४७.१० देखिन्छ भने कक्षा १२ मा कुल नियमित परीक्षार्थीहरु २,६२,९८९ मध्य छात्राहरुको प्रतिशत ४८.२६ रहेको पाईयो । कक्षा ११ का कुल आंशिक परीक्षार्थीहरु ९५,०३१ मध्य छात्राको प्रतिशत ५४.०३ देखिन्छ भने कक्षा १२ मा ७८,२६३ मध्य छात्राको प्रतिशत ५४.९० देखियो यसबाट आशिंक परीक्षार्थीमा छात्राहरुको हिस्सा बढी रहेको पाईयो ।

### ५.१.२ कक्षा ११ र १२ को परीक्षा संचालन सम्बन्धमा पत्ता लागेका कुराहरु

I. परीक्षा केन्द्र निर्धारण केन्द्रको क्षमता, केन्द्राध्यक्ष र उमाविहरुका प्रधानाध्यापक सँग अन्तक्रिया एवं छलफल नगरी गरेको पाइयो यसबाट परीक्षा केन्द्रको भौतिक क्षमता, राम्रो परीक्षा संचालन गर्ने केन्द्राध्यक्षहरु तथा खराब परीक्षा केन्द्रहरु छुट्याउने अवस्था पनि रहेन तथा केन्द्राध्यक्षहरुले परीक्षालाई अपनत्व ग्रहण गर्ने वातावरण बनाउन सकेको पाइएन ।

II. विगतमा जस्तो प्रश्नपत्रहरु बाहिरिने समस्या यसपटक दोहोरिएन तापनि प्रश्नपत्रहरु नपुग हुनु, परीक्षार्थीहरुको प्रवेशपत्र तथा परीक्षा सम्बन्धी निर्देशन पुग्न ढीला हुनु जस्ता समस्या रहेको पाइयो । सुरक्षाकर्मी तथा निरिक्षकहरुको पारिश्रमिक अति न्यून रहेकोले यस्ता गुनासो व्यापक सुन्नमा आयो ।

III. विगतको जस्तै परीक्षा केन्द्रहरुमा परिषदले पर्यवेक्षकहरु खटाउने गरेको पाईयो , तर उ.मा.वि.मा अध्यापन गर्ने जुनसुकै शिक्षकलाई पनि पर्यवेक्षक नियुक्ति गर्नु सकिने व्यवस्थाले यस्ता नियुक्तिको पारदर्शी मापदण्डहरु, योग्यता तथा अनुभव जन्य प्रावधानहरु नरहेको पाईयो जसले गर्दा पर्यवेक्षकहरु आफ्नो कामको बारेमा पूर्व जानकार नहुनु, संवेदनशील भएर कार्य नगर्नु जस्ता धेरै गुनासाहरु केन्द्राध्यक्षबाट पर्यवेक्षक प्रति गरेको पाईयो ।

IV. उच्चमाध्यमिक शिक्षा परिषदले केन्द्राध्यक्षहरुलाई सञ्चालन गर्ने गरेको परीक्षा सञ्चालन सम्बन्धी कार्यशालामा हरेक वर्ष एउटै केन्द्राध्यक्षलाई एउटै विषय (परीक्षा सम्बन्धी कार्यशाला) मा सहभागी गराएको पाइयो जसले परीक्षा केन्द्र व्यवस्थापनमा थप सुधार हुन सक्ने देखिएन ।

V. हरेक वर्ष जस्तै परीक्षार्थीहरुका प्रवेशपत्रहरु परीक्षा केन्द्रमा नै पठाउने गरेको पाईयो जसले गर्दा केही केन्द्रहरुमा परीक्षार्थीहरुको प्रवेशपत्रमा उल्लेखित नाम, विषय आदि विवरणहरु उ.मा.शि.प.ले उपलब्ध गराएको कम्प्यूटर ईन्ट्री प्रतिलिपि (triplicate) संग मेल नखाएको पाईयो ।

VI. परीक्षा सञ्चालन भएका हरेक दिनको उत्तरपूस्तिकाहरु परीक्षा केन्द्रले प्रहरी कार्यालयमा पठाउने र परिषदबाट हरेक दिन ती प्रहरी कार्यालयमा गई उठाउने गरेको पाइयो । जसले गर्दा उत्तरपूस्तिकाको ढुवानी तथा सुरक्षामा मद्धत पुगेको पाईन्छ ।

**५.१.२ उ.मा.शि.प द्वारा संचालित परीक्षाको नतिजा प्रकाशन प्रक्रिया सम्बन्धमा पत्ता लागेका कुराहरु**

I. निजी उ.मा.वि.का परीक्षा केन्द्रहरुमा भौतिक पूर्वाधार, फर्निचर आदिको पर्याप्त व्यावस्था पाइयो तथा भक्तपुरको वागीश्वरी उमाविमा समेत यस्तो अवस्था थियो तर अन्य सामूदायिक उमाविहरुमा शौचालयमा यत्रतत्र छरिएका कागजका टुक्राहरु, फोहोर शौचालय, परीक्षार्थीहरुको बसाईलाई अलि सघन पारिएको अवस्थाले चिट चोर्ने पर्याप्त अवसर जुटेको जस्तो लाग्यो । तापनि उपलब्ध श्रोत साधन एवं परीक्षा सञ्चालन मा उ.मा.शि.प. ले उपलब्ध गराएको खर्चबाट सकेसम्म परीक्षालाई मर्यादित पार्ने प्रयास केन्द्राध्यक्षहरुबाट गरेको पाइयो ।

II. उ.मा.शि.प मा उत्तरपुस्तिका भण्डारणको व्यवस्था अत्यन्त अव्यवस्थित पाईयो । साँगुरो कोठाहरुमा सबै विषयका उ.पु. हरु थुप्रो लगाई राख्ने गरेको पाईयो । जसले गर्दा भण्डारण कोठामा पर्याप्त सुरक्षा नरहेको देखियो ।

III. प्याकिङ्ग/कोडिङ्गमा कर्मचारीहरुको सक्रियता बढाउन राम्रो कार्यवातावरण देखिएन, उक्त कार्यमा पदाधिकारी एवं कर्मचारीहरु संवेदनशील भएको पाइएन जसले गर्दा एउटा केन्द्रको उ.पु. अर्कै केन्द्रको अर्कै विषयमा मिसिने तथा कुनै विद्यालयका कपि त्यस्तो विद्यालयसंग सम्बन्धित शिक्षकको हातमा परी नतिजा प्रभावित हुन सक्ने देखियो ।

IV. उत्तरपुस्तिका परीक्षण गर्न ४ वटा उमाविहरुमा परीक्षण केन्द्र खोलिएको पाईयो २–२ जना कर्मचारीहरु खटाउदा परीक्षण कार्यलाई व्यवस्थित बनाउन नसकेको भेटियो । वितरणमा पक्षपात गर्ने एवं दुर्व्यावहार गर्ने जस्ता गुनासाहरु प्राप्त भए ।

V. उत्तरपुस्तिका परीक्षण केन्द्रमा दक्ष कर्मचारीहरु देखिएनन् भने एउटा शिक्षकले लिएको पोको अरु नै व्यक्ति बोलाएर परीक्षण गराउने गरेको, एउटै शिक्षकले धेरै पोका ओगटेर बस्ने र केहीले नपाउने

अवस्था रहेको तथा अयोग्य शिक्षकले समेत कपि परीक्षण गरेको अनुभवी र विषयगत शिक्षकलाई कपि नदिइएको जस्ता गुनासाहरु शिक्षकहरुबाट प्राप्त भए । त्यसै गरी शिक्षकहरुले पनि उत्तरपुस्तिका जति सक्दो छिटो परीक्षण गर्ने र पैसा धेरै कमाउने उद्धेश्य राख्ने गरेको जसले गर्दा उ.पु. परीक्षण कार्य बढी विश्वसनिय बनाउन नसकिएको भन्ने भनाई कर्मचारी तथा शिक्षकहरुबाट पनि व्यक्त गरेको पाईयो ।

VI. उत्तरपुस्तिका परीक्षण पछि हरेक विषयका हरेक विद्यार्थीको प्राप्ताङ्कहरु दुई ठाँउमा ईन्ट्री गर्ने गरेको पाईयो यसरी दुई अलग ठाउँमा ईन्ट्री गरेको प्राप्ताङ्कलाई एकै ठाउँमा मिलाई नमिलेको अंकको लागि पुन प्राप्ताङ्क स्लिप हेरी वास्तविक प्राप्ताङ्क ईन्ट्रि गर्ने गरिएको भनाई परीँक्षाका पदाधिकारीहरुको रह्यो । तर दुई ठाउँमा प्राप्ताङ्क इन्ट्री गरे पनि दुवै ठाउँमा परिषदकै कर्मचारी खटिएको पाइयो जसले गर्दा दुवै टीम बीच गोप्य मिलेमतो गरी प्राप्ताङ्क आफुले चाहे बमोजिम ईन्ट्री गर्न मिल्ने अवस्था आउन सक्ने तर्फ पदाधिकारीहरु सचेत रहेको पाइएन ।

VII. नतिजा प्रकाशनमा कतिपय परीक्षार्थीहरुको प्राप्ताङ्क इन्ट्री हुन छुट्ने भएकोले नतिजा प्रकाशन अघि त्यस्ता परिक्षार्थीहरुको विषयगत हाजिरी हेरी उपस्थित परिक्षार्थीहरुको उत्तरपुस्तिका नै खोजो प्राप्ताङ्क ईन्ट्री गर्ने गरेको भनाई परीक्षा नियन्त्रकको पाईयो ।

## ५.२ निष्कर्ष

यो अध्ययन काठमाण्डौ उपत्यकाका १६१ वटा परीक्षा केन्द्रहरु मध्ये ५ वटा परीक्षा केन्द्रमा, उत्तरपुस्तिका परीक्षण केन्द्रमा सिमित राखिएको छ, त्यसैलाई आधार मानी सम्पूर्ण परीक्षा सञ्चालन र नतिजा प्रकाशनको स्थिति आंकलन गर्न गाह्रो पर्न सक्छ तथापी परीक्षा सञ्चालन र नतिजा प्रकाशन सम्बन्धमा रहेको केही सबल र केही कमजोर पक्षहरु अध्ययनको कममा पहिचान भएका छन । अध्ययनमा तथ्याङ्क संकलन गर्न पनि केही कठिनाई रहे केन्द्राध्यक्षबाट आफ्नो कमजोरी नदेखाउने र अरुको मात्र कमजोरीहरु पहिल्याउने, पर्यवेक्षकहरलाई भेट्न धेरै पटक धाउनुपर्ने तथा समय मिलाउन कठीनाई हुने र उनीहरुले समेत खुलेर उत्तर दिन नचाहने प्रबृतिले वास्तविक अवस्था पहिचान गर्न कठिनाई सृजना भयो । समग्रमा अध्ययनको निष्कर्ष यसप्रकार छ :–

I. सरोकारवालाहरुको सहभागिता विना परीक्षा केन्द्रहरु निर्धारण गर्दा परीक्षालाई केन्द्राध्यक्षहरुले अपनत्व ग्रहण गरेको पाईएन भने केन्द्रमा खटिने कर्मचारीहरुमा तालिमको अभाव, न्यून पारिश्रमिकको असन्तुष्टिले उच्च मनोबलका साथ काम गर्ने वातावरण रहेको पाइएन । परीक्षा केन्द्रको क्षमता हेरेर मात्र केन्द्र निर्धारण गर्नुपर्नेमा त्यस्तो नहुने गरेकोले केही परीक्षा केन्द्रहरुमा फर्निचर एवं कक्षा कोठाको अभावले धेरै विद्यार्थीहरु एकै ठाउँमा राखी परीक्षा सञ्चालन गर्नु परेकोले चोरीलाई बढावा पुग्ने देखियो ।

II. उ.मा.शि.प.को तर्फबाट परीक्षा केन्दमा उपलब्ध गराउनुपर्ने सामाग्रीहरु पर्याप्त मात्रामा समय मै उपलब्ध नगराउदा परीक्षा सञ्चालनमा केही कठिनाई उत्पन्न भएको महसुस गरियो जस्तैः नपुग प्रश्नपत्र पठाउनु, परीक्षा सञ्चालन सम्बन्धी निर्देशन समयमै प्राप्त नहुनु आदि ।

III. परीक्षामा खटाईएका पर्यवेक्षकहरुको भुमिका प्रभावकारी देखिएन उनीहरुको कामको अनुगमन पनि प्रभावकारी भएको पाईएन तथा उनीहरुलाई दिईने नियुक्तिको स्पष्ट मापदण्ड नबनाईनुले झन गैर जिम्मेवार बनाएको पाईयो ।

IV. उत्तरपुस्तिका प्याकिङ्ग/कोडिङ्ग तथा परीक्षणको लागि वितरण प्रकृयामा केही समस्याहरु देखिएका छन्: प्याकिङ्ग/कोडिङ्गमा ठाउँ अभाव, कर्मचारीहरुलाई स्पष्ट जिम्मेवारी तथा निर्देशनको अभाव बिना योजना काम लगाईनुले झन भद्रगोल स्थिति रहेको तथा उत्तरपुस्तिका परीक्षण कार्यमा खटिने कर्मचारीहरुको कपि परीक्षक प्रति गर्ने अभद्र व्यावहार र गैरजिम्मेवारीपनले परीक्षाको संवेदनशीलता खट्केको छ ।

V. उत्तरपुस्तिका परीक्षणमा खटिने अधिकांश शिक्षकहरुले जति सक्दो छिटो पैसा जम्मा पार्ने नियतले पनि उत्तरपुस्तिका परीक्षणको संवेदनशीलता झनै खस्केको देखिन्छ, परीक्षणमा खटिने अधिकांश शिक्षकहरुको माग पारिश्रमिक बृद्धि गर्नुपर्ने रहेको तर पारिश्रमिक बढाउदा झन धेरै कपि परीक्षण गर्ने मोहमा बृद्धि भई थप लापरवाही हुन सक्ने तर्फ पनि सोच्नुपर्ने देखिन्छ , त्यसको लागी परीक्षकहरुको आचार संहिता निर्माण गरी उल्लंघन गर्नेलाई कारवाही गर्नुपर्ने दखिन्छ र तोकिएको नीति नियमलाई परीक्षण केन्द्रमा खटिएका कर्मचारीहरुले अनिवाई रुष्मा पालना गर्नुपर्ने देखिन्छ ।

VI. उत्तरपुस्तिका परीक्षणको लागि योग्यताका मापदण्डहरु स्पष्ट निर्धारण गरिएकोछैन फलस्वरुप अयोग्य शिक्षकले पनि कपि परीक्षण गर्ने तथा योग्य शिक्षकले आफ्नो नजिकको असम्बन्धित व्यक्ति डाकी कपि परीक्षण गराउने प्रवृत्तिले उत्तरपुस्तिका परीक्षणमा परिषदका पदाधिकारी एवं कर्मचारीहरु सजक रहनुपर्ने दखिन्छ ।

VII. प्राप्ताङ्कको ईन्ट्रिमा अपर्याप्त स्रोत साधन रहेको तथा दुवै ठाउँमा परिषद कै कर्मचारीहरु खटाइनु उपयुक्त नहुने देखिन्छ ।

VIII. उ.मा.शि.प. ले परीक्षा सञ्चालन र नतिजा प्रकाशनमा गर्ने हरेक कार्यहरुको आन्तरिक तथा बाह्य योजना तर्जुमा काम गर्ने कर्मचारहिरको आफ्नो जिम्मेवारी स्पष्ट नहुनु तालिम एवं प्रोत्साहन प्रणाली स्पष्ट नहुनुले आन्तरिक जनशक्ति व्यावस्थापनमा समस्या रहेको पाईन्छ ।

## ५.३ सुझावहरु

उच्च माध्यमिक शिक्षा परिषदले वर्षेनी सञ्चालन गर्ने कक्षा ११ र १२ का परीक्षामा सहभागी हुने केन्द्राध्यक्ष, पर्यवेक्षक, शिक्षक आदिको रायको आधारमा परिषद्को परीक्षा सञ्चालन र नतिजा प्रकाशन सम्बन्धमा निम्नानुसार सुधार गर्नु पर्ने देखिन्छ :–

### ५.३.१ परीक्षा संचालन सम्बन्धमा दिइएका सुझावहरु

I. समग्र वार्षिक परीक्षा सञ्चालन र नतिजा प्रकाशन सम्बन्धी ठोस कार्ययोजना बनाई कार्यतालिका तयार गर्ने र सोही आधारमा परीक्षा सञ्चालन र नतिजा प्रकाशन गर्ने जसमा विद्यार्थीहरुको रजिष्ट्रशन फाराम वितरण/संकलन/ईन्ट्री/र.नं. प्रदान, परीक्षा फाराम वितरण/ईन्ट्री/सिम्बोल नं. प्रदान, परीक्षा कार्यतालिका प्रकाशन, परीक्षा केन्द्र निर्धारण, परीक्षा सञ्चालन जस्ता कुराहरु समेटी

वाहय कार्यतालिका निर्माण गर्ने र प्रश्नपत्र निर्माण/परिमार्जन/छपाई, उत्तरपुस्तिका संकलन कोडिङ्ग प्याकिङ्ग परीक्षण/संपरीक्षण, प्राप्ताङ्क ईन्ट्री, गल्कबतअज रुजु, नतिजा प्रकाशन लगायत कुराहरुलाई समेटी आन्तरीक कार्यतालिका निर्माण गर्ने र तदारुकताका साथ पालना गर्ने गराउने ।

II. परीक्षा केन्द्र निर्धारण गर्दा राजनैतिक आस्था, भनसुन, वा अन्य कुनै आधारमा नभै प्र.अ./प्राचार्य वा संयोजकहरुको राय संकलन गर्ने, परीक्षा केन्द्र र विद्यालयको दूरी, परीक्षा केन्द्रको क्षमता अघिल्लो परीक्षा सञ्चालनमा परीक्षा केन्द्रले देखाएको सक्रियता आदि आधारमा केन्द्र निर्धारण गर्ने, यसरी निर्धारण गरीसकेपछि सबैले थाहा पाउने गरी कम्तिमा २-३ महिना अगाडी प्रकाशन/प्रशारण गर्ने र यो वर्ष परीक्षा केन्द्र काठमाण्डौको ढिलो प्रकाशन गरीएकोमा अब देखि नेपाल भरीको परीक्षा केन्द्र एकै पटक निर्धारण र प्रकाशन गर्ने व्यावस्था गर्ने ।

III. वर्षेनी परीक्षा सञ्चालन पूर्व गरिदै आइएको परीक्षा केन्द्राध्यक्षहरुको कार्यशालालाई अब देखि परीक्षामा खटिने कर्मचारीहरुको कार्यशालामा रुपान्तरण गर्ने, हरेक वर्ष एउटै केन्द्राध्यक्षले भाग लिए पनि उनीहरु परीक्षा सञ्चालनको प्राविधिक कार्यमा सहभागी हुन नभ्याउने र हरेक वर्ष नतिजा प्रकाशन पछि त्रुटीको मात्रा थपिदै गएको देखिन आएकोले यस्तो त्रुटि घटाउन पनि परीक्षा सञ्चालनमा खटिने कर्मचारीहरुलाई परीक्षा सञ्चालन सम्बन्धी प्राविधिक कार्यहरु सम्बन्धी कार्यशाला/तालिम सञ्चालन गर्नु उपयुक्त हुन्छ ।

IV. प्रश्नपत्रको गोपनीयता कायम गर्न यसको निर्माण, परिमार्जन, भण्डारण कार्यलाई व्यवस्थित बनाउन गोप्य ठाउँको व्यावस्था गर्ने, हरेक परीक्षा केन्द्रहरुमा पर्याप्त प्रश्नपत्र उपलब्ध गराउने, सुरक्षाकर्मी, निरिक्षक, पर्यवेक्षकहरुको सहभागीता अझ प्रभावकारी बनाउन उनीहरुको पारीश्रमिक बृद्धि गर्ने, प्रश्नपत्रको गोपनीयता भङ्ग गर्ने जो सुकैलाई पनि कडा कारवाही गर्ने ।

V. परीक्षा केन्द्रलाई दिईने लिखित निर्देशन एवं जानकारीहरु प्रश्नपत्रको प्याकेट संगै पठाइने गरेको भन्ने केन्द्राध्यक्षहरुको भनाई पाइयो तथा यस्ता जानकारीहरु पर्याप्त नभएको भन्ने गुनासोलाई समेत सम्बोधन गर्न थप कानुनी एवं कार्यप्रक्रियागत कुराहरुलाई समेटी परीक्षा शुरुहुनु भन्दा ३/४ दिन अघावै केन्द्राध्यक्ष समक्ष पुर्‍याइसक्ने ।

VI. परीक्षार्थीहरुको प्रवेशपत्र परीक्षा केन्द्रमा पठाउने अहिलेको व्यावस्थामा परिवर्तन गरी सम्बन्धित विद्यालयमानै परीक्षाको कम्तिमा एक हप्ता अघि नै पुग्ने गरी पठाउने जसले गर्दा परीक्षा फाराम ईन्ट्री गर्दा भएका त्रुटीहरु परीक्षार्थीले समयमा नै थाहा पाई सच्याउने मौका पाउने छन् र नतिजा प्रकाशन गर्दा आउने त्रुटी समेत न्यूनीकरण हुने देखिन्छ ।

VII. परीक्षा सञ्चालनमा पर्यवेक्षकको भूमिका प्रभावकारी नभएको, उनीहरुबाट परीक्षार्थीहरुको उत्तरपुस्तिकामा हस्ताक्षर गर्ने वाहेक कुनै कार्य नभएको र पर्यवेक्षक छनौट सम्बन्धी मापदण्डहरु स्पष्ट र पारदर्शी नभएकाले परीक्षा सम्बन्धी कुनै ज्ञान नै नभएका शिक्षकहरु पर्यवेक्षकमा खटाईने गरेको जस्ता आरोपहरु लाग्ने गरेको पाइएको छ । त्यसैले अबका परीक्षाहरुमा पर्यवेक्षकको व्यावस्था हटाई त्यसरी पर्यवेक्षक हटाउदा वचत हुने रकमलाई परीक्षा केन्द्रका कर्मचारीहरुलाई दिइने तालिम तथा उत्तरपुस्तिका भण्डारणलाई व्यवस्थित बनाउन उपयोग गर्ने वा पर्यवेक्षक नियुक्तिको लागी उच्च माध्यमिक विद्यालयमा कम्तिमा १० वर्ष वा विश्वविद्यालयहरुमा अध्यापन गर्ने अनुभवी शिक्षकहरु मध्येबाट दरखास्त आव्हान गरी पारदर्शी मापदण्डको आधारमा छनौट गरी तालिम दिने र पारिश्रमिक बृद्धि गरी परीक्षा प्रति पुर्ण जिम्मेवार बनाउने ।

### ५.३.२ नतिजा प्रकाशन सम्बन्धमा दिइएका सुझावहरु

I. धेरै वर्ष अघि तयार गरिएको परीक्षा केन्द्रको खर्च हालसम्म पनि परिवर्तन हुन सकेको देखिएन हाल तोकिएको खर्चले परीक्षा केन्द्र सञ्चालन गर्न नपुग्ने देखिन्छ त्यसैले परीक्षा केन्द्रलाई विनीयोजन गरीएको हालको रकममा बृद्धि गर्ने र मुल्यबृद्धिसंगै उक्त रकम समायोजन गर्ने ।

II. उत्तरपुस्तिका भण्डारणको लागि पर्याप्त ठाउँका व्यावस्था गर्ने, विषयगत रुपमा उत्तरपुस्तिका भण्डारणको व्यवस्था गर्ने जसको कारणले उत्तरपुस्तिका एक अर्को विषयमा नमिसियोस र पछि खोज्न सजिलो होस र विद्यार्थीको नतिजामा आउने त्रुटी बेलैमा सच्याउन सकियोस ।

III. उत्तरपुस्तिका प्याकिङ्ग तथा कोडिङ्गको लागि कार्यतालिका निर्माण गर्ने र सोही अनुसार कर्मचारी खटाउने, कर्मचारीहरुलाई पर्याप्त सुविधाको व्यवस्था गर्ने तथा कार्यवातावरणमा सुधार गर्ने ।

IV. परीक्षार्थीहरुको उत्तरपुस्तिका परीक्षण र संपरिक्षणको लागि छुट्टै आफ्नै हल निर्माण गर्ने परीक्षण हल निर्माण नभएसम्मको लागी परीक्षण केन्द्रहरुको संख्या थप गर्ने र विषयगत रुपमा परीक्षण केन्द्रहरु खोल्ने ।

V. उत्तरपुस्तिका परिक्षणमा निम्नअनुसार थप व्यवस्था गर्ने :-

1) उत्तरपुस्तिका परीक्षण गर्ने व्यक्ति सम्बन्धित विषयमा स्नातकोत्तर गरेको र कम्तिमा ५ वर्ष शिक्षण अनुभव भएको हुनु पर्ने र निजले अध्ययन गरेको र अध्यापन गरेको विषयसंग सम्बन्धित विषयको उत्तर पुस्तिका मात्र परिक्षण गर्न दिने जस्तो अंग्रेजी मूल विषयमा स्नातकोत्तर गरी अंग्रेजी अध्यापन गरेको लाई अंग्रेजी विषयको मात्र उत्तरपुस्तिका परिक्षण गर्न दिने ।

2) शिक्षासंग सम्बन्धित विषयहरु जस्तै वाल विकास, शैक्षणिक मुल्यांकन, शिक्षाको परिचय जस्ता विषयहरुको हकमा पाठ्यक्रम र मूल्यांकनमा स्नातकोत्तर वा शैक्षिक योजना र व्यावस्थापनमा स्नातकोत्तर लाई मात्र परिक्षण गर्न दिने, त्यसै गरी शिक्षण विधि (जस्तै: नेपाली शिक्षण विधि) विषयहरुका उत्तर पुस्तिका सम्बन्धित मूल विषय लिई शिक्षा शास्त्रमा स्नातकोत्तर गरेको व्यक्तिलाई परिक्षण गर्न दिने जस्तै : नेपालीमा एम.एड. गरेको व्यक्तिलाई मात्र नेपाली शिक्षण विधि विषयको उ. पु. परिक्षण गर्न दिने ।

3) उत्तरपुस्तिका छिटो परीक्षण गरी बुझाउने, धेरै उ.पु. एकै पटक लिन खोज्ने, अरु व्यक्तिबाट कपि परिक्षण गराउने जस्ता कुराहरुलाई निरुत्साहन गर्न पारदर्शि नियम बनाई कार्यन्वयन गर्ने र अनुगमन प्रभावकारी ढंगले गर्ने ।

VI. उत्तरपुस्तिका परीक्षकहरुको पारिश्रमिकलाई समयानुकुल समायोजन गर्ने जसको लागि परीक्षा नियन्त्रकको संयोजकत्वमा एउटा समिति गठन गर्ने र मुल्य वृद्धिको अनुपातमा यस रकममा पनि बृद्धि गर्ने ।

VII. उत्तरपुस्तिका परीक्षणमा खटिने कर्मचारीहरुको व्यावहार राम्रो नभएको भनी अधिकांश शिक्षकहरुको गुनासो रहेको पाईयो यस्तो काममा खटाईने कर्मचारीहरुको आचरण र व्यावहार सम्बन्धी नियम तर्जुमा गर्ने र त्यस्तो आचरण उल्लंघन गर्ने कर्मचारीहरुलाई कारवाही गर्ने तथा शिक्षकहरुले कर्मचारी प्रति दुर्व्यवहार वा परीक्षकको आचरण उल्लंघन गरेमा पनि कारवाही गर्ने गरी आचारसंहिताको व्यवस्था गर्ने ।

VIII. प्राप्ताङ्क ईन्ट्री गर्ने कार्य दुई ठाउँमा गरिएको भएतापनि दुवै ठाउँमा आफ्नै कर्मचारीहरु खटाईएको पाइयो यसरी आफ्नै कर्मचारीबाट दुवै ठाउँको प्राप्ताङ्क ईन्ट्री गर्दा कर्मचारीहरुको मिलेमतो हुन गएमा नतिजा प्रभावीत हुन गई परीक्षाको विश्वसनियता रहदैन त्यसैले कुनै एक ठाउँमा बाहिरबाट दक्ष व्यक्ति करारमा लिई प्राप्ताङ्क ईन्ट्रीको व्यवस्था गर्ने ।

IX. परीक्षाको नतिजा प्रकाशन एवं प्राप्ताङ्क ईन्ट्रीमा पर्याप्त कम्पयूटर, प्रिन्टरहरुको व्यवस्था गर्ने तथा यस्तो कामको लागि छुट्टै भवन निर्माण गर्ने ।

## सन्दर्भसूची

***उच्चमाध्यमिक शिक्षा ऐन २०४६,*** उच्चमाध्यमिक शिक्षा परिषद्, सानोठिमी भक्तपुर ।

उच्च माध्यमिक शिक्षा परिषद, परीक्षा सुधार सुझाव समितिको प्रतिवेदन– २०६०

उच्च माध्यमिक शिक्षा परिषद, परीक्षा प्रणाली सुधार कार्यटोलीको प्रतिवेदन–२०६४

ज.ब.रा. स्वयं प्रकाश, श्रेष्ठ ;चन्द्रबहादुर, रञ्जितकार; किरणराम, ***शिक्षामा मापन तथा मूल्याङ्कन*** ,( २०६०) विद्यार्थी पुस्तक भण्डार, भोटाहीटी काठमाण्डौ ।

पाठ्यक्रम कार्यान्वयन तथा विषय छनौट निर्देशिका– २०६७, उ.मा.शि.प., पाठ्यक्रम तथा प्रशिक्षण

महाशाखा ।

वाग्ले, मनप्रसाद र पौडेल, लेखनाथ, ***पाठ्यकम र मूल्याङ्कन*** वाग्ले, मनप्रसाद र पौडेल, लेखनाथ ( २०५४) ***पाठ्यकम र मूल्याङ्कन*** , विद्यार्थी पुस्तक भण्डार भोटाहिटी काठमाण्डौ ।

***सम्प्रेषण*** (वर्ष १३, अंक २३, ***२०६७ पौष***), उच्चमाध्यमिक शिक्षा परिषद, सानोठिमी भक्तपूर ।

सिंह नागेश्वर, ***पाठ्यक्रम र मूल्याङ्कन,*** (२०६५) पैरवी प्रकाशन काठमाण्डौ ।

शिक्षा ऐन २०२८

शिक्षा नियमावली २०५९

www.doe.gov.np

Krishna; Modugula Ravi and Rao; Digumarti Bhaskara**,** (2005) ***Examination system,*** Discovery Publishing house, New Delhi

www.proftesting.com

www.tuexam.edu.np

Wikipedia the free Encyclopedia

## अनुसूचि एक

## अध्ययनका औजारहरु

### १.१ केन्द्राध्यक्षहरुलाई सोधिएको प्रश्नावली

नाम :.........................................परीक्षाकेन्द्रको नामः.................................................

पदः.............................................

१. यस उमावि मा कतिजना परीक्षाथीको लागी परीक्षा दिनको लागी ठाउँ पर्याप्त छ ?

२. २०६९ सालमा सञ्चालन भएको कक्षा ११ र १२ को परीक्षाको आधारमा तलको तालिका भर्नुहोस् :

| सि.नं. | विवरण | कक्षा ११ | कक्षा १२ |
|---|---|---|---|
| १ | सहायक केन्द्राध्यक्षहरुको संख्या | ........... | ........... |
| २ | पर्यवेक्षकको संख्या | .......... | .......... |
| ३ | परीक्षामा प्रयोग भएका कक्षा कोठा संख्या | .......... | ......... |
| ४ | परीक्षामा प्रयोग भएका डेस्क-बेञ्चहरुको संख्या | .......... | .......... |
| ५ | प्रति डेस्क-बेञ्चमा परिक्षार्थी संख्या | .......... | .......... |
| ६ | परीक्षामा प्रतिदिन परिचालन भएका निरिक्षकहरुको संख्या (हरेक दिन बराबर नभएमा औसत संख्या) | .......... | .......... |
| ७ | प्रतिदिन परिचालन भएका प्रति निरीक्षक विद्यार्थी संख्या (हरेक दिन बराबर नभएमा औसत संख्या) | ......... | ........... |

३. परीक्षा केन्द्र निर्धारण गर्दा परिषदले तपाईको परीक्षा केन्द्रमा राखेका विद्यार्थी संख्या उपयुक्त रहेको ठान्नु भएको छ ? छैन भने के गर्दा उपयुक्त होला ?

........................................................................................................................

४. परिषदको परीक्षा केन्द्र निर्धारण सम्बन्धमा तपाईको के सुझाव छ ?

........................................................................................................................

५.तपाईको केन्द्रको लागी राखिएका प्रश्नपत्रहरु ल्याउने कार्य परीक्षा संञ्चालन समय भन्दा कति अघि ल्याउनु भयो ?

........................................................................................................................

६. परीक्षा शुरु हुनु भन्दा अघि नै प्रश्नपत्र बाहिरिने गरेको हल्ला विगतका वर्षहरुमा सुनिने गरिएको थियो, यसमा परीक्षा केन्द्रको कमजोरी रहेको भन्ने पनि गरिन्छ । यस सम्बन्धमा तपाईको बिचार के छ ?

........................................................................................................................

७. प्रश्नपत्रको गोपनीयता कायम गर्न तपाईले कस्तो प्रयास गर्नु भयो ?

........................................................................................................................

८. प्रश्नपत्रको गोपनियता कायम गर्ने सम्बन्धमा परिषदले अपनाएको कार्यप्रकृया तपाईलाई ठीक लागेको छ ? ठिक लागेको भए के कारणले ठिक मान्नु भएको छ ?

........................................................................................................................

९. प्रश्नपत्रको गोपनियता कायम गर्ने सम्बन्धमा परिषदले अपनाएको कार्यप्रकृया ठीक लागेको छैन भने के सुधार गर्नु

पर्ला ?

........................................................................................................................

१०.परीक्षा सञ्चालन गर्न परिषदबाट प्राप्त भएका निर्देशनहरुले परीक्षा सञ्चालनमा कत्तिको सहयोग गरेजस्तो लाग्छ ?

.......................................................................................................................

११. परीक्षा सञ्चालन गर्न परिषदले दिएको खर्च पर्याप्त छ/छैन

...............................................................................................................

१२. परीक्षार्थीहरुको प्रवेशपत्र अहिलेको जस्तो परीक्षा केन्द्र वा सम्बन्धीत उमाविमा पठाउन उपयुक्त हुन्छ ?

.......................................................................................................................

१३. परीक्षा सञ्चालन गर्न परिषदबाट प्राप्त भएका निर्देशनहरुको प्रभावकारीता अझ बढाउन के सुधार गर्नुपर्ने देख्नुभएको छ ?

.......................................................................................................................

१४.तपाईको परीक्षा विद्यार्थी वा अन्य व्यक्तिहरुबाट केन्द्रमा चोरी गर्ने/गराउने प्रयास भयो/ भएन ?

.......................................................................................................................

१५. तपाईले परीक्षामा चोरी रोक्न के के गर्नुभयो ?

....................................................................................................................

१६.परीक्षामा चोरी रोक्न परिषदको तर्फबाट कस्तो सहयोग प्राप्त गर्नु भएको थियो ?

.....................................................................................................................

१७. परीक्षामा चोरी रोक्न परिषदको तर्फबाट कस्तो सहयोगको अपेक्षा गर्नु भएको छ ?

...................................................................................................................

१८. यस केन्द्रमा परीक्षा सञ्चालन सम्बन्धमा तपाइले भोगेका समस्याहरु के के छन् ?

..................................................................................................................

१९. परीक्षा सञ्चालनलाई अझ प्रभावकारी बनाउन के गर्नु पर्ला ?

.........................................................................................................................

२०. परिषदको उत्तरपुस्तिका संकलन गर्ने कार्य समयमै भएको पाउनु भएको छ ?

.........................................................................................................................

२१.तपाईको परीक्षा केन्द्रमा खटिएका पर्यवेक्षकहरु हरेक दिन समयमै उपस्थित हुन्छन् कि हुदैनन् ?

.........................................................................................................................

२२. परीक्षामा खटिएका पर्यवेक्षकको भुमिका कस्तो लागेको छ ? यस सम्बन्धमा केही सुधार गर्नुपर्ने देख्नु भएको छ ?

.........................................................................................................................

२३. परीक्षामा पर्यवेक्षक तोक्ने कामलाई निरन्तरता दिनु पर्ला कि पर्दैन ?

.........................................................................................................................

२४. निरिक्षक, पर्यवेक्षक एवं सुरक्षाकर्मीको सहयोग सम्बन्धमा के के सुधार गर्नुपर्ने देख्नु भएको छ ?

.........................................................................................................................

२५. समग्रमा तपाईको परीक्षा केन्द्रमा तपाईले भोगेका समस्याहरु के के छन् ?

.........................................................................................................................

२६. समग्रमा २०६९ सालको परीक्षा सञ्चालनलाई कसरी समीक्षा गर्नुहुन्छ ?

.........................................................................................................................

**१.२ पर्यवेक्षकलाई सोधिएको प्रश्नावली**

**नामः.......................................     कार्यरत उमाविको नाम :.......................................**

**अध्यापन अवधिः..........................  पर्यवेक्षण गरेको परीक्षा केन्द्रको नाम :...........................**

१. तपाईले पर्यवेक्षकको काम कति वर्ष देखि गर्दै आउनु भएको छ ?

.........................................................................................................

२. परीक्षामा पर्यवेक्षक तोक्ने काम कस्तो लाग्छ ? यसमा के सुधार गर्नुपर्ला ?

.........................................................................................................

३. तपाई यस वर्ष खटिएको परीक्षा केन्द्रमा निम्न दृष्टिले परीक्षा संचालन कस्तो लाग्यो

क. परीक्षार्थीलाई ठाउको व्यावस्था :.......................................................................

ख. प्रश्नपत्रको गोपनीयता कायम गर्न अपनाइएको तरिका :............................................

ग. परीक्षामा चोरी रोगथाम : ........................................................................

घ. परिषदले परीक्षा सञ्चालनमा दिएको निर्देशनहरुको पर्याप्तता, उपयुक्तता र सान्दर्भिकता :

- पर्याप्तता ..................................................................................
- उपयुक्तता.................................................................................
- सान्दर्भिकता...............................................................................

४. परिषदले दिएका निर्देशनहरुमा केही कमजोरी पाउनुभएको छ ?के गर्दा त्यस्ता निर्देशनहरु बढी फलदायी होलान् ?

.........................................................................................................

५.तपाइको परीक्षा केन्द्रमा परीक्षा सञ्चालनमा के के कमजोरीहरु देख्नुभयो ? ती कमजोरीहरु हटाउन के सुधार गर्नु पर्ला ?

..................................................................................................................................

६. पर्यवेक्षकको नाताले तपाईको भूमिका परीक्षा केन्द्रमा कस्तो थियो ? परीक्षा केन्द्र र परिषदको तर्फबाट के सुधार गर्दा अझ प्रभावकारी होला ?

................................................................................................................................

७. परीक्षा सञ्चालन (२०६९सालको) अवधिमा तपाईले केन्द्राध्यक्षलाई के के सहयोग गर्नुभयो ?

.........................................................................................................................

८. २०६९ सालको परीक्षा सञ्चालन अवधिमा केही नराम्रा घटनाहरु भए की ? भएको भए कसरी समाधान गर्नु

भयो ?

................................................................................................................................

९. तपाई खटिएको परीक्षा केन्द्रमा परीक्षा सञ्चालन सम्बन्धमा के कस्ता अप्ठ्याराहरु देखा परे ? परिषदले त्यसमा के सहयोग गर्नु उपयुक्त थियो ?

...............................................................................................................................

१०. परिषदले सञ्चालन गर्ने परीक्षालाई मर्यादित र विश्वसनिय बनाउन तपाईको के सुझाव छ ?

..................................................................................................................................

## १.३ उत्तरपुस्तिका परिक्षकलाई सोधिएको प्रश्नावली

**नाम :......................................  शैक्षिक योग्यता :...................................**

**विशिष्टिकरण विषय :.....................अध्यापन गरेको विषय :........................................**

**अध्यापन अवधि :.................................**

**अध्यापन गर्ने शिक्षण संस्थाको नाम :.......................................................**

१. परिषदमा तपाईले कति वर्ष देखि उ. पु. परिक्षण गर्दै आउनु भएको छ ?

.........................................................................................................

२. हाल सम्म कुन-कुन विषयहरु परिक्षण गर्नु भयो ?

..............................................................................................................

३. उ. पु. परीक्षण गर्ने कार्यलाई व्यवस्थित बनाउन तपाईले के सुधार गर्नुपर्ने देख्नु भएको छ ?

...............................................................................................................

४. केही अन्य विषयका शिक्षकहरुले समेत उत्तरपुस्तिका परिक्षण गरेका छन् भन्ने सुनिन्छ , के यो भनाई ठिक जस्तो लाग्छ ? तपाईले त्यस्तो पाउनु भएको छ ?

...............................................................................................................

५. उ. पु. परिक्षण गर्ने शिक्षकहरुको योग्यता के के हुनुपर्ला ?

...............................................................................................................

६. हाल परिषदले उ.पु. परिक्षण गर्ने शिक्षकहरुको छनौट जुन तरिकाले गरेको छ त्यसमा के सुधार गर्नुपर्ला ?

...........................................................................................................................

७. उ. पु. परिक्षण गर्ने केही शिक्षकहरुको ध्यान पैसा कमाउनमा मात्र केन्द्रित छ त्यसैले उत्तरपुस्तिका परिक्षण कार्यमा केही शिक्षकहरु संवेदनशील छैनन् भन्ने पनि यदाकदा सुन्ने गरिन्छ, यो भनाइप्रति तपाईको विचार के छ ?

...........................................................................................................................

८. उत्तरपुस्तिका परिक्षण कार्यलाई थप विश्वसनिय बनाउन परिषदले के गर्नुपर्ला ? तपाईको यस सम्बन्धमा के सुझाव छ ?

...........................................................................................................................

९. उत्तरपुस्तिका परिक्षण गर्ने कार्यमा गोपनीयता पनि कायम गर्नुपर्ने हुन्छ, जसको लागि परिषदले गर्ने प्याकिङ्ग/कोडिङ्ग, र उ.पु. परिक्षणको लागि दिइने प्याकेट कुन परीक्षाकेन्द्रको हो र सो केन्द्रको उत्तरपुस्तिका कुन शिक्षकलाई दिन उपयुक्त हुन्छ भनी छनौट गर्ने कार्य महत्वपूर्ण हुन्छ, तपाइले यस सम्बन्धमा के के सुधार गर्नुपर्ने देख्नु भएको छ ?

...........................................................................................................................

१०. उत्तरपुस्तिका परिक्षणमा संलग्न शिक्षकहरु र परिक्षण गराउन खटिने कर्मचारीहरुलाई के सुझाव दिन चाहानु हुन्छ ?

...........................................................................................................................

## १.४ उत्तरपुस्तिका प्याकिङ्ग, परिक्षण र नतिजा प्रकाशनमा संलग्न पदाधिकारी/कर्मचारीहरुलाई सोधिएको प्रश्नावली

नाम (ऐच्छिक):.................................. पद.................................

१. तपाईले परीक्षाको नतिजा प्रकाशनमा गर्ने कार्यहरु के के हुन् ?

क. कोडिङ्ग-प्याकिङ्ग ख. उ. पु. परिक्षण गराउने

ग. प्राप्तांक ईन्ट्री ग. अन्य भए लेख्नुहोस:.......................

२. उत्तरपुस्तिका प्याकिङ्ग र कोडिङ्ग गर्न कस्ता समस्याहरु छन् ?

..........................................................................................................

३. उत्तर पुस्तिका परीक्षण गर्न शिक्षकहरु कसरी छनौट गर्नु हुन्छ ?

..........................................................................................................

४. उत्तरपुस्तिका परिक्षण गर्ने ठाउको अवस्था कस्तो छ ?

..........................................................................................................

५. उत्तर पुस्तिका परिक्षण गराउदा शिक्षक छनौटको सम्बन्धमा तपाईको के सुझाव छ ?

..........................................................................................................

६. प्राप्ताङ्क ईन्ट्री गर्दा त्यसको गोपनियता कायम भएको छ ?

..........................................................................................................

७. प्राप्ताङ्क ईन्ट्री गर्ने र रुजु गर्ने कार्यमा के समस्याहरु छन् ?

..........................................................................................................

८. प्याकिङ्ग/कोडिङ्ग, उ. पु. परिक्षण तथा प्राप्ताङ्क ईन्ट्री गर्दा तपाई भन्दा माथिल्लो पदाधिकारीहरुबाट कस्तो सहयोग प्राप्त गर्नुभएको छ ?

..........................................................................................................

९. नतिजा प्रकाशनका सम्बन्धमा के सुधार गर्नु पर्ने देख्नु भएको छ ?